# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

३८. सिकार्जुदेषि ल्हासासम्ममा रसद पाइन्या ठाउंमा रसद र दरको अंदाज–

असामि– वास– कोस– सतु– कादर–

सिकार्जुका रसदले ५।६ सै जनालाई वर्ष दिनसम्म पुग्छ वरिपरिका रसदले भन्या ११.१॥ हजार जवानलाई वर्ष दिन सम्मलाई पुग्ला– १९– ८५॥.– ।३।– ।३॥

ल्हचिजुका रसदले १ हजार जवानलाई वर्ष दिनसम्म पुग्ला वरिपरि स्मेतले गरि भन्या १०।१२ हजार जवानलाई वर्ष दिनसम्मलाई पुग्ला- २३– ११४॥– ।५।– ।५॥

फिंजोलिका रसदले १।२ सै जनालाई वर्ष दिन सम्म पुग्ला. वरिपरिका रसदले भन्या ५।६ सैलाई वर्ष दिनसम्म पुग्ला– २४– ११८॥– ।३– ।३॥

डिगर्चाका रसदले १५।२० सै जवानलाई वर्ष दिन पुग्ला.वरिपरिका स्मेतले भन्या ८।१० हजारलाई वर्ष दिनसम्मलाई पुग्ला– २८– १४१॥– ।४।४– ।५

पेताझोङका रसदले ४।५ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला— २९– १५०॥– ।३।४– ।४

ग्याचिझोङका रसदले ३।४ हजार जना लाई वर्ष दिनसम्म पुग्ला वरिपरिका रसद ले स्मेतले भन्या ६।७ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला – ३०– १५७॥– ।५– ।५॥

कामाफासिका रसदले १।१॥ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला वरिपरिवाट पनि आयो भन्या ४।५ हजारलाई वर्ष दिनसम्म लाई पुग्ला – ।३५– १८८॥– ।४– ।४॥

छुस्यु झुंका रसदले १।१॥ हजारलाई वर्ष दिन संमलाई पुग्ला वरिपरिवाट पनि आयो भन्या ४।५ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला – ३६– १९३॥– ।४।– ।४॥

ल्हासाका जगेरा रसदले ५।६ हजारलाई वर्ष दिनसम्मलाई पुग्ला वरिपरि २।३ दिनका रस्तावाट नआई ल्हासामा रसद छैन– ३८– २०६॥– ।४।– ।४॥

३९. ताता पानि देखि पेचिन सहर सम्म जान्या वाटाको तपसिल–

तातापानिवाट षासा जानलाई डोलि चढि जांदा. घडि १२ लाग्यो वाटो तेर्छो उकालो छ वास– १

षासावाट छोस्यां जादा ज्मा घडि २१ लाग्यो. तेर्छो वाटो घडि १० हिडि भोट्या कोसिका तिरैतिर. कहि तेर्छो उकालो कहि तेर्छो वाटो. कहि भिरमा भन्याङ हाल्याको. विकट वाटो ११ घडिको छ. कोसिमा. भोट्या साघु ७ छन् वास– २

छोस्यांवाट कुति जांदा ज्मा घडि १४ लाग्यो छोस्यांदेषि ठुलो विकट होइन. कहिं कहिं भन्याङ पनि छ भोट्या साघु ३ फलाम साघु १ छ धेर तेर्छो वाटो. अली अलि तेर्छो उकालो छ वास– ३

कुतिवाट धकेलि जांदा. घोडा चढि कहि वढाई कहि ठिकै गरि लैजांदा ज्मा घडि १० लाग्यो. भोट्या कोसिका तिरैतिर तेर्छो वाटो कहिं ढुग्यान कहिं असल मैदानको वाटो छ. कोसिमा २ षहन्यामा १ ज्मा कोठ्या साघु ३ छन् वास– ४

धकेलिबाट थुलं जांदा कहि टुकुटुकु कहि छोटि कदममा लैजांदा ७॥ लाग्यो कहि ढुंग्यान कहि गेगर कहि मैदान असल वाटो छ विच मा गाउ ३ गोर्षालिको फौज जादा उठ्याका रह्या छन् आज काल गाउ पिच्छे २।३ घर वस्याका छन्. ठाउं ठाउं षेति पाति पनि गन्याको रहेछ. वास ५ थुलवाट लंगुर भन्याको गाउं जांदा ज्मा घडि १६ लाग्यो. थुलुं देषि. घोडा वढाइ ल्याउंदा १॥ घडिको वाटो. असल मैदान छ ताहादेषि कहिं तेर्छो उकालोमा. घोडा टुकुटुकु गरि लैजांदा घडि ६ पला ५० गै. भैरव लंगुर को फेदि पुग्यो. दाहिना तिरका हिमालयवाट कोसि आयाको छ ताहावाट तेर्छो उकालो घडि २ पला ३५ गै भन्याङ १ पुग्यो. भन्याङ देषि नजानिदो वाटो. तेर्छो वह्लालो छ. तेहि भैरव लंगुर देषि यउटा. षोलो आई. तल वेसि पुग्यापछि. वागमतिको रेति भंदा. ठुलो रेति. परि. टिगरि मैदानमा मिल्याको छ. टिगरि मैदान गज कोस ३ लमाइ कोस ४ होला. तेहि मैदानका वारिपट्टि. लंगुर भन्याको गाउं छ. ताहासम्म पुग्दा घडि ८ पला १० लाग्यो वास– ६

लंगुर गाउंवाट टिगरिका पौवा जांदा घडि ६ लाग्यो. वासवाट हिडनि विस्तिकै अरुन्मा कोठ्या साघु तरि. टिगरिमा टुकुचा जस्ता २ षहन्या छ २।४।२।४ घर वस्या वस्याको रहेछ. अलि अलि षेतिपाति पनि गन्याको रहेछ. वर्षामा पानि पर्दा भयाका १०।१५ षाडि पनि छन्. यो टिगरि मैदानमा धेर ढुग्यान्. कहि कहि माटो. भयाको रहेछ. टिगरि गाउंमा किल्ला १ छ. जाहा हामीहरू पुग्दा ३ अवाज वंदुकको वढाई पनि गर्दा रह्या छन्. यो गाउं देषि कोस पाउ भर गै पौवा छ. तेस्मा वास वस्नु पर्छ वास– ७

टिगरिको पौवावाट मेमुं जानलाई घोडा कहिं वढाई कहिं छोटी कदम संम लैजांदा घडि ७ लाग्यो वाटामा रजु भन्याको षोलो १ भगालो परि आयाको ६।७ छन्. त्यो र अरू २ मिली वह्याको छ. यो षोलो वाउ पारि वास सम्म असल मैदानको वाटो छ मैदानको गज कहि १ पाउ कहि आधाउ कहि २ पाउ होला वास– ८

मेमुं गाउंदेषि सिकार्जुं जानालाई घोडा विस्तारैसित टुकुटुकु गरि लैजांदा ज्मा घडि ११॥ लाग्यो. मेमुंवाट २॥ घडिको वाटो हिडि चौकोर भन्याको गाउं १ पुग्छ. ताहा पर्वतमा पुरानु भत्क्याको गढि १ छ ताहावाट २ घडिको वाटो हिडि अघि १। सै सम्म पुग्याको अरुन् षोला तर्नु पर्छ. पानि घोडाका पीठसम्म आउंदो रहेछ. गज हात ३० जसो होला. ताहावाट काहि मैदान कहिं पच्याङ कहि उकालो कहि वन्हालो भया पनि वाटो असल छ. ताहावाट अलिकति मैदान हिडि. टुकुचा जस्तो षोलो १ तरि अलि-कति उकालो चढी सिकार्जुं गढिमा पुग्छ. सिकार्जुं गाउंमा घर ५०।६० जसो होला. गाउंका वीचमा सिकार्षोला वग्याको छ. गढि भन्या चुलि पन्याको ढुंग्यानका पर्वतमा छ. माथि देखि तलैसम्म गर्ड दोहरा पर्खाललाई विचमा ठाउं ठाउं घर गुम्वा रहेछ. माथि देखि तलैसम्म घोडा जान्या गरि सिढि लायाको छ. गढिमा जानलाई ढुंगाको पुल वनायाको छ. गाउंमा गढी घर जम्मा २०।२५ सै जसो होला वास– ९

सिकार्जुं देखि लोलो गाउं जानलाई ज्मा घडि ४ लाग्यो सिकार्जुं वाट मैदानमा वढाइ कहि पैआ कहि कदम गरि

लैजांदा घडि २ मा लोलो भन्याको षोलो तरि ताहावाट षोलाको तिरैतिर कहिं उकालो कहि ढुंग्यान वाटामा घोडा वढाई लैजान्दा २ घडिमा लोलो भन्याको गाउं पुग्यो. षोलाको तिरमा ठाउं ठाउं २।४।२।४ घर भयाको गाउं पनि छ. षेति पाति पनि षोलाको तिरैतिरमाथि सम्म षुप गन्याको छ वास– १०

लोलो गाउंदेखि थाकेस गाउ जानालाई ज्मा घडि ६।। लाग्यो लोलो देखि तेहि षोलाको तिरैतिर मैदानमा घोडा चढाई लैजान्दा २।। घडि लाग्यो ताहा वाट अलिकति उकालो चढि वऱ्हालो झर्दा फेरी तेहि षोलाका तिरवाट हिडनु पर्छ त्राहसम्म घोडा सुस्त गरि हिडाउंदा १।। घडि लाग्यो. ताहावाट फेरी षोलाका तिरैतिरवाट कहि ढुंग्यान कहि मैदानमा घोडा वढाई लोलो षोलाको कोठ्या साघुतरि थाकेस भन्याको गाउंमा वास पुग्दा २।। लाग्यो गाउमा घर २।३ छन् ताहा वास वस्नलाई पाल टागि दिंदा रह्या छन् विचमा तर्नु पर्न्या षहऱ्या ४ छन् वास– ११

थाकेसदेखि ठाभु भन्याको गाउ जानालाई कहिं छोटि कदम कहि धेरै विस्तार कहि कदमैसंग लैजादा ज्मा घडि १५ लाग्यो वासवाट थाके पुगन्याको षोलाको तिरैतिर ढुग्यान वाटामा सुस्त टुकुटुकु गरि घरि ४ गै यहि षोलाको तिरैतिर. ग्यांछो भन्याको पर्वत वसि गयाको रहेछ. तेस्मा अलि अलि उकालो कहि तेर्छो गै भञ्याङ पुग्दा ३।। घडि लाग्यो भञ्याङमा वन घोडा पनि रहेछ. जाहा देखि आधा वाटोसम्म सुस्त गरि आधामा वढाई कदम लैजादा ७।। घडि लाग्यो भञ्याङवाट ठाभु भन्याको षोलो हिमालयवाट आयाको छ. येहि षोलाका तिर ढुंग्यानवाट साघु २ तरि ठाभु भन्याको गाउ पुग्छ घर ७।८ छन् षेति पाति पनि गन्याको रहेछ. छोस्यांदेषि रूषको नाममा वुढो पनि देखिएन. यो गाउमा वइसबाटेर अरू रुख गरि ४०।५० रुष देखियो वास– १२

ठामुवाट ल्हचि जानलाई छोटि कदममा घोडा लैजान्दा ज्मा घडि ५।। लाग्यो वासदेखि घडि २।। मा मागाम षोला तरि ताहावाट घडि १ मा साक्यालु षोला तरि घडि २ मा ल्हचि गाउं पुग्छ वाटो गज कोस १ लमाई कोस ३ जसो भयाको फांट छ विचविचमा घर छ. षेति पाति पनि छ गाउंका किनारावाट ब्रह्मपुत्र वह्याको छ ति षोला २ ब्रह्म पुत्रमा मिल्याको छ. भोटचा पिपलका वगैचा लायाको छ. तेस्मा पाल टागि वास वस्न दिंदा रह्या छन्. ताहावाट वाटो १ अंतर वेकि डिगर्चा पुगन्या रहेछ. यो गाउंमा गढि पनि छ वास– १३

ल्हचिदेषि फिंजोलि झुङ जानलाई घोडा विस्तारसित छोटि कदममा लैजांदा ज्मा घडि १८ लाग्यो. ल्हचिदेखि ब्रह्म पुत्रको किनारै किनार कहि भिरमा. सडक कहि असल मैदान वाटो छ. तिरमा वगैचा गुम्बा गढि भयाको गाउं १ छ वास– १४

फिंजोलिदेषि फोतोङ तासिघाङ जानालाई ज्मा घडि ६ लाग्यो ब्रह्मपुत्रका तिरैतिर मैदानमा घोडा वढाई लैजांदा घडि ४ ताहापछि घडि २ लाग्यो. विचमा भिर्पन गयाको रहेछ. तल ब्रह्म पुत्र वग्याको छ. वाटो भिरमा छ. ताहा पनि गढि रहेछ वास– १५

फोतोङ तासि घाङदेषि स्याफागिनि जानलाई घोडा छोटि कदममा लैजांदा ज्मा घडि ९।। लाग्यो. वासदेषि अलिकति उकालो चढि गयापछि अरु असल मैदान छ. विचमा गाउं २।३ छन्. षेति पनि वेसै गन्याको रहेछ वास– १६

स्याफगितिदेषि षाग जिगुम्वा जानलाई वढि कदममा लैजादा ज्मा घडि ७ लाग्यो वासवाट आउन्याविक्तिकै साघु भयाको षोलो १ छ विचमा गाउं ४।५ छन् सानु गढि १ पनि छ. वाटो असल मैदान छ वास– १७

षाग जिगुम्वादेखि डिगर्चा जानलाई कहि वढि कदम कहि छोटि कदममा जांदा ज्मा घडि ९।। लाग्यो वाटो कहि नजानोदो उकालो धेरै मैदान रहेछ विच विचमा गाउ पनि रहेछ वास– १८

डिगर्चादेषि पेनाझुं जानलाई छोटि कदममा घोडा लैजांदा ज्मा घडि १३ लाग्यो वाटो अलिकति चढाउचढि भंज्याङ काटिसक्यापछि अरू मैदान रहेछ. वासवाट पाउभर जिमिनमा. लामाजिको घर कुंकेलि भन्याको रहेछ. तेसैका नगिचमा टासि छुटा भन्याको ठुलो षोलो छ. तेस्मा पत्थरका चौडा वनाई पूल हाल्याको छ. तेस पूल तरि पेनाझुंमा पुग्न घडि १।। को वाटो वाकि छंदा. वाटामा

ग्याधुं भन्याको राम्रो गुम्बा १ छ. वस्ति मुल जारै छ. ताहावाट पेनाझुं किल्लामा पुग्छ. किल्ला डिगर्चाको. भंदा मजगुतै रहेछ. टासि छुटाका किनारामा गाउं छ वास–१९

पेनाझुंवाट ग्यांचिझुं जानलाई घोडा वढाई लैजादा १४ घडिमा वास पुग्छ. डिगर्चावाट गयाको टासि छुटा षोलै षोला मैदान वाटामा कहिं कहिं ढुंग्यान पऱ्याको छ. ग्याचि भन्याको ठुलो सहर छ. ञाहा गढि १ गुम्वा १ पनि छ. यो गढि गुंवा षुपै मजगुत गरि वनायाको रहेछ. वाटामा गाउं वगैचा ठाउं ठाउंमा छन्. षेति पनि वहुतै गऱ्याको छ. सानु षोलामा. साधु १ तर्नुपर्छ वास– २०

ग्याचिझुंवाट गोप्सी गाउं जांदा घोडा ठिकै कदममा लैजांदा ८।। घडिमा वास पुग्यो. टासिछुटा षोलैषोलाको वाटो गरि जांदा वास देषि ७।। घडिमा साघु १ तरि कहि मैदान कहि ढुंग्यान कहि थोरै षुटकिल्लाको वाटो छ. देवाधर्मावाट आयाको तेरि भन्याको षोलो १ गोप्सीमा टासि छुटा. षोलामा मिलन आयाको छ. ञाहावाट षोटां भन्या गाउं ६ दिनमा पुग्दो रहेछ. गोप्सी गाउंमा घर ६।७ जसो होला. षेतिपाति पनि धेरै गऱ्याको छ वास– २१

गोप्सीवाट रलुछुंदि गाउंमा जांदा घोडा वढाई कदममा लैजादा ६।। घडिमा वास पुग्यो. वाटो कहिं ढुंग्यान कहिं पहरो काहि तेर्छो छ. वासवाट हिडनि वित्तिकै देवाधर्मा-वाट आयाको षोलामा साघु तरि फेरि कदममै जसो गै टासिछुटा षोलाको साघु तरि सोहि षोलै षोलाको वाटो गरि साना ठुला गरि षहऱ्या १० षोला १ तरि फेरि टासिछुटामा अर्को साघु तरि वासमा पुग्यो. वास वस्न्या ठाउमा दाहिनातिरवाट टासिछुटा जत्रो षोलो १ आई दोभान पऱ्याको छ. वाटामा साना साना गाउं ठाउं ठाउं-मा छन्. षेति पनि वेसैसंग गऱ्याको रहेछ वास– २२

रलुछुंदी गाउंवाट नागार्च्याझुं जांदा १७ घडिमा वास पुग्यो. रलुदेषि टासि छुटा षोलै षोला गरि लंगुरका फेदि सम्म घोडा छोटि कदममा जांदा २।। घडि लाग्यो. याहां सम्मको वाटो असल मैदानै छ. येस फेदिदेखि हिमालयको भंज्याङमा जानालाई ढुंग्यानको वाटोमा. थोरै उकालो. षुटकिलाको वाटोमा. छोटि कदम गरि जांदा २।। घडि लाग्यो भंज्याङदेषि नागार्च्याझुं जानालाई काहि ढुंग्यान अलिकलि वऱ्हालो पऱ्याको काहि मैदानै मैदान वाटो छ भंज्याङदेषि हाम्रा दाहिनातिरवाट आयाको पारुसिउछु भन्याको षोलो १ छ. तेहि षोलैषोलावाट जानु पर्छ वाआपट्टिवाट आयाको षहऱ्या भंज्याङ पारि ३ भंज्याङ वारि ४ मध्ये १ मा साघु छ भंज्याङ परि गया कोहि उपगल्योको टासिछुटा षोलो रहेछ. भंज्याङदेषि नागा-र्च्याझुंसम्म छोटि कदममा जांदा १२ घडि लाग्यो. त्यो षोला नागार्च्याझुं १।। घडिमा पुगियेला भन्दा हाम्रा दाहिना तिरवाट पैनितालमा मिलन गयाका छन्. वाटा भरिको जगा सवै वैरानेछ. गाउनेरा मात्र येति गऱ्याको रहेछ. नागार्च्याझुंमा घर २०।२५ जसो होला वास– २३

नागार्च्याझुंवाट पैतिझुं जानालाई घोडा वढाई कदममा लैजांदा ६ घडिमा वास पुग्यो पैति तालको किनारैकिनार पाउ भर जति ढुंग्यानको वाटो उपर असल मैदानको वाटो गै विचमा २।३ गाउं नाघि किनारैमा पैतिझुं भन्या को गाउंमा पुग्यो गाउं घर ३०।३५ जसो हुनन्– गाउंका नगिचमा मात्र षेति गऱ्याको छ. अरु जगा वेरानै छ. पैति तालमा दरियाइ घोडा अरु जनावर पनि छ भन्छन्. तालको गज कहिं छुटियाको छ. काहि ठिकैको छ. लमाई फेरो घुमनालाई भन्या ७ दिनमा घुमियेला भंछन् गैऱ्हो यतिउति भन्या संख्या छैन वास– २४

पैतिझुंवाट नेप्सोला पर्वतका फेदिसम्म जानालाई ज्मा घडि ९ मा वास पुग्यो. पैति तालको तिरैतिर छोडि कदममा जांदा १।। घडिसम्मको वाटो असलै छ. ञाहा-देषि पैति ताल छोडि ढुंग्यान पऱ्याको ठाडो उकालोमा विस्तार टुकुटुकु गरि जांदा २ घडिमा भंज्याङ पुग्यो भंज्याङदेषि १ घडिसम्म तेर्छो ढुंग्यानको वाटो गै ३ घडि ठाडो वऱ्हालो झरि सानु गाउ १ मा पुग्यो. षेति पाति पनि षुपै गऱ्याको छ. हाम्रा पर्वतको झल्को रहेछ. ञाहा-देषि ब्रह्मपुत्रको किनार न्यापसी भन्याको गाउ वगर व्रम्ह पुत्रको किनार पालमा जानालाई घडि १।। लाग्यो. वाटो भरि वरिपरि गाउं र षेतिपाति गऱ्याको राम्रै छ वाटो सवै ढुंग्यान वास– २५

नेप्सोला गाउवाट छुस्युंझुं जानलाई ६।। घडिमा वास पुग्यो वासदेषि उठनि विर्त्तिकै व्रम्हपुत्रको घाट तरि तिरैतिरका वाटामा ठाउ ठाउंमा गाउं छ षेतिपाति वहुतैं छ. आधा वाटा जसोमा गुम्वा १ छ येस गुम्वाका पाहाडमा गढि वनायाको छ. गाउं पनि गुलजार छ. षेतिपाति वहुतै राम्रो छ. गुम्वादेषि १ पाउ गयापछि ठिकैको षोला १ छ. येस षोलाको साघु तरि आधा वाटो असल मैदान आधा वाटो ढुंग्यानमा छोटि कदममा जांदा ६।। घडीमा छुस्युझुंमा वास पुग्यो. यो गाउं ठुलै छ. गढि पनि छ. अघि भन्या असलै छ भंछन्. आजकाल अलि अलि भत्क्याको छ वास— २६

छुस्युझुंवाट नेटां जानलाई १० घडिमा वास पुग्यो. छुस्युझुंदेषि दक्षिण दिशातिर व्रम्ह पुत्र लाग्या. हामिजान पूर्वतिर पर्दो रहेछ. वासदेषि १ पाउ जतिमा षोलाका साघुतरि कोस ।। जति हिड्यापछि ल्हासा षुसि भेटियो. येहि ल्हासा षुसिको तिरैतिर वाटो ३ षंडमा २ षंड असल १ षंड ल्हासा षुसिले पाहाडमा रेति गयाकोमा ढुंग्यान पहराको भीरको वाटो छ. छोटि कदममा जांदा १० घडिमा वास पुग्यो विचविचमा गाउ वस्ति षेति अलि अलि छ वास— २७

नेटांवाट ल्हासा जानलाई असल मैदान वाटोमा. छोटी कदममा घोडा लैजादा ९ घडिमा वास पुग्यो. ल्हासा षुसिको तिरमा भीर १ हिडि ठिसांछु भन्याको ठुलो षोलाको पुल तरि २ घडिमा ल्हासा सहर पुग्यो वास—२८

ल्हासावाट धेसि गुम्वा जानलाई छोटि कदममा लैजांदा घडि ७ मा वास पुग्यो. वाटो असल मैदान छ. ल्हासादेषि २ घडिमा ल्हासा षुसिमा डुंगा तरि धेसिझुंङ गढि जानलाई ५ घडि लाग्यो विचविचमा गाउं कमोत पनि छ. गाउं ठुलै छ. वास— २९

धेसिवाट मेतो गुम्वा जानलाई छोटि कदममा जांदा घडि १४।। मा वास पुग्यो. ल्हासा षुसिका तिरैतिरवाट जानु पर्छ. वाटो ३ षंडमा १ षंड जति कहिं ढुंग्यान कहि भिर छ २ षंड असल मैदान छ. साना ठुला गरि जमा षहऱ्या ८ छन् २ मा तर्नु पर्छ २ या साघु छ. २ मा ठुलो पुल छ जघार ४ छन्. आहादेषि ल्हासा षुसिको तिर छोडी पूर्व हानि जानु पर्छ. उत्तरवाट षोलो १ आयाको छ. वाटोको विचविचमा गाउं र कमोद जगा. ठाउ ठाउंमा छ गाउ ठुलै छ. वास— ३०

मेटो गुम्वावाट रिजोलि गुम्वा जानलाई छोटि कदममा जांदा ८।। घडि लाग्यो वासदेषि २ घडिको वाटो गया पछि मैठु माछु भन्याको षोलो भेटिछ. तेहि षोलाको तिरैतिर. काहिं ढुंग्यान काहि मैदान. काहि काहि अलि अलि उकालो वऱ्हालो वाटो छ षहऱ्यामा साघु ४ तर्नु पर्छ. वास येहि षोलाका तिरैमा पर्छ. आहा मध्येस जस्तो झाडि पऱ्याको वन डांडा पाखामा पनि अलि अलि वन वुट्टा रहेछ गाउं ठुलै छ वास— ३१

रिजोलिवाट छुसिघ्याङ जानालाई छोटि कदममा जांदा ६।। घडिमा वास पुग्यो वाटोमै ठिमाछु षोलैषोला मैदान वाटोमा अलि अलि ढुंग्यान छ. षहऱ्याको साघु ५ वजाम षोलाको पुल १ तर्नु पर्छ. वाटाका वरिपरि हिउ पनि छ. मैठिमाछु षोलाका तिरैमा वास पर्छ वुटा वुट्टि वन पनि रहेछ. गाउंमा घर १५ जसो होला वास— ३२

छुसि घ्याङवाट झुमरा गाउं जान छोटि कदममा जांदा ८।। घडिमा वास पुग्यो वाटो मैठिमाछु षोलाका तिरैतिरवाट काहि मैदान काहि ढुंग्यान काहि अलिक उकालो वऱ्हालो तेर्छो पच्याङ अलिक घटिया वाटो छ. वासदेषि ३ घडिका वाटो जांदा येहि षोलाका पारितिर तातापानि पनि रहेछ. फेरि घडि २ को वाटो गै मैठिछु षोलाको पुल तरि षोलो दाहिना पारि हिउं भयाको वाटो गै झुमरा गाउंमा वास पुग्यो षहऱ्या र षोलामा गरि साघु ४ पुल तर्नु पर्छ. गाउं षोलाको तिरैमा छ. घर १० जसो होला हिउं भयाको ठाउंमा छ वास— ३३

झुमरा गाउवाट नुमरिजानालाई घोडा विस्तारसंग लैजादा १४।। घडिमा वास पुग्यो. वाटो काहिं ढुंग्यानका हिउं कालो वऱ्हालो भिर छ. वाटो साऱ्है घिनलाग्दो छ. वासदेषि. लंगुरका फेदिसम्म जांदा ३ घडि लाग्यो मैठिमाछु षोलाको तिरैतिर षहऱ्यामा साघु २ तरि

मैठिमाछुमा २ पल्ट जघार तरि लंगुरको उकालो चढि कहि अलिक ठाडो उकालो. कहि तेर्छो उकालो हिउ भया वाटामा हिडि येस उकालामा षह्र्या ४ तरि भांज्याङ सम्म पुग्दा घडि ४ लाग्यो हिउले पनि सान्है कुट्यो भांज्याङदेषि काहि ठाडो वह्लालो काहि भिर छ. येहि भांज्याङवाट भालाछु भन्याको षोलो १ आयाको छ. येहि षोलाका तिरैतिर गै. षोलामा जघार १ साघु १ तरि फेदिसम्म पुग्दा घडि ५ लाग्यो. आहादेषि काहि तेर्छो वह्लालो पच्याङ वाटो गै भालाछु षोलाको साघु तरि घडि २।। मा वास पुग्यो वास नपुग्यासम्म वाटामा कमोत जगा काहि देषियेन. वास नेरा काहि काहि अलि अलि छ. गाउंमा घर ३० जसो होला वास— ३४

नुमरि गाउंवाट घुम गाउं जानालाई छोटि कदममा जांदा १२ घडिमा वास पुग्यो. वाटामा काहि ढुंग्यान काहि मैदानका हिउ कालो वह्लालो भिर छ. वासवाट उठनि वित्तिकै. भालाछु षोलामा पुल तरि षोला वाआ गै. येसै षोलामा मिलन आउन्या येलै षोला २ मा पुल २ तरि. फेरि षह्र्याको मा जघार १ साघु छ तर्नु पर्छ इ षह्र्या ठुलठुलै हुन् सानासाना षह्र्याको भन्या हिसापै भयन. जंगलैजंगल हिउनु पर्छ. षोला पारि गाउंमा १।२ घर र षेति अलि अलि छ. भालाछु षोलाको तीरैमा वास छ. यो षोला माथि भन्या सानै छ. तल पुग्दा खेरि भन्या. इ घ्यानी जत्रो होला. गाउंमा घर १० जसो होला वास— ३५

घम गाउंवाट ग्यान्ता सहर जानालाई छोटि कदममा जांदा ८ घडिमा वास पुग्यो. वाटोमा लाछु षोलाको तीरैतीर जंगलमा आधा जसोमा भिरैभिर. आधा जसोमा काहि ढुग्यान काहि उकालो वह्लालो गरि जानु पर्छ तर्नु पर्न्या यसै षोलाको पुल १ षह्र्याको माषु १ जघार ४ छन् विचमा घर २।४ भयाको गाउं १ छ ग्याम्टा भन्याको सहर. हाम्रो नेपालको लेष जत्रो छ. भाकालाछु भन्याको षोलो उत्तरवाट आई यसै सहरमा दोभान पर्याको छ. षोला २ का विचमा सहर छ येस सहरमा काठका फल्याकका छाना भयाको घर २२५ सम्म होला वास—३६

ग्याम्टा सहरवाट लह्नि गाउं जानालाई छोटि कदममा जांदा ९ घड़िमा वास पुग्यो वाटोमा कालाछु षोलालाई वाआ पारि जंगलैजंगलवाट काहि ढुंग्यान काहि भिर उकालो वह्लालो तेर्छो वाटो घटिया छ षेति काहि काहि छ अरू सबै जंगलै छ. षह्र्याको साघु ४ जघार १ तर्नु पर्छ वास पुग्न्या ठाउंमा पनि षोला १ मा जघार तर्नुपर्छ गाउंमा घर गुम्वा गरि २०।२५ सम्म हुनन्. षोलाको तिरैमा छ वास— ३६

लन्हि गाउंवाट फाम्दो गाउं जानालाई छोटि कदममा जांदा ७।। घडिमा वास पुग्यो. वाटोमा कालाछु षोलाको तिरैतिर काहि भीर उकालो वह्लालो तेर्छो सान्है ढुंग्यान वाटो घटिया छ. विचमा गुम्वा १ र मैदान पनि अलिकति पर्याको छ षोला र षह्र्यामा गरि साघु ३ तर्नु पर्छ गाउंमा घर ८।९ सम्म होला आहादेषि कोस १ मा भोट्याहरूको गढि धरहराको नक्सा गरि वनायाको छ वास— ३८

फाम्दोवाट आचा भन्याको गाउंमा जानालाई १९ घडिमा वास पुग्यो घोडा विस्तारैसंग वासदेषि थोला भन्याको लंगुर नाघी भाकालाछु षोलाको तिरैतिर तेर्छो उकालो चढनु पर्न्या घडि १।। फेरि येहि षोला तरि भाज्याङसम्म ठाडो उकालो चढनु पर्न्या घडि ४।। आहादेषि फेदि सम्म ठाडो वह्लालो झर्नु पर्न्या घडि २। आहादेषि घोडा छोटि कदममा लैजादा सानु षोला १ तरि घर ४ भयाको गाउं १ छ वासदेषि आहासम्म ढुंग्यानको वाटो हिवैहिउमा हिडनु पर्छ. आहादेषि. षोलाको तिरैतिर काहि मैदान धेर ढुंग्यान वाटाका विचमा सानु षोला २ तरि सान्है अपठ्यारो ढुंग्यान वाटो गै जामुनि भन्याको तलाउमा पुग्छ. षोलो आयाको पनि येहि तलाउमा मिलन गयाको छ. तालको किनार कोस १।। जति छ. यस्को निकास भै आयाको जामुनि भन्याको षोलो १ रहेछ. यसै षोलाको तिरैतिर जाइपुल तरि अलि अलि उकालो चढी भिरमा वास बस्न्या घर २० जसो भयाको गाउं पुग्यो ठाउं ठाउंमा गरि तर्नु पर्न्या षह्र्या १० अंत भन्या गहु पाक्याको आहा भन्या भरषर हरिया भयाको छ वास— ३९

आचो गाउंवाट लालि गाउं जानालाई घोडा विस्तारसंग

लैजांदा १० घडिमा वास पुग्यो. वासदेषि भांज्याङसम्म ठाडो तेर्छो गरि उकालो जानु पर्न्या घडि २ पला ४० आहादेषि घडि ११५० सम्मका वाटामा घोडा लैजानु पनि मुस्कील छ आहावाट गैं सानु षोला १ तर्नु पछं वासदेषि वाटो आहासम्मको हिवैंहिउं छ आहादेषि च्याधाला भन्याको लंघुर नाघि षोलाको तिरैंतिर काहि भिर काहि ढुंग्यान गरि जानु पर्न्या घडि ३॥ फेदि आहा षोलाको जघार तरि काहि ढुंग्यान काहि मैंदान गरि २ घडिसम्म हिड्यापछि षोला मिलन गयाको जानसंछु भन्याको ठुलो षोलाको पुल तरि वास वस्न्या गाउंमा पुग्यो. यो गाउं ठुलै छ चिनियाको अडा पनि रहेछ ठाउं ठाउंमा गरि तर्नु पर्न्या षहृन्या जघार गरि ४ छ. वास— ४०

लालिवाट छाक्युषां जानलाई छोटि कदममा जांदा ९॥ घडिमा वास पुग्यो. वाटो काहिं मैंदान धेर ढुंग्यान पच्याउन्छ वासवाट अलिकति मैंदानमा हिडि ठिकैंको षोला १ मा साघु तरि गैं अर्को षोलैषोला हिडि जघार १ तरि ठिकैंको पर्वत १ मा उकालो वह्रालो गरि. वह्रालो झरि फेरि अर्को षोलामां पुल तरि षोलाका तिरैंमा वास पुग्यो गाउंमा घर छ जसो होला कमोत काहिं पनि देषियेन वास— ४१

छाच्युषांवाट च्यागा जानलाई घडि २५ मा वास पुग्यो वासदेषि षोलै षोला मैंदानमा ढुंग्यानको वाटो गैं नुवरि भन्याका लंगुरका फेदीसम्म पुग्दा घडि ४ लाग्यो आहा देषिन् षोला छोडी हिउं भयाको तेर्छो उकालो ढुंग्यान वाटो २ घडि हिडि अर्को हिउं भयाको तेर्छो ढुंग्यान् वाटो गैं साना ठुला गरि तलाउ २ का तिरैंतिर गइ तेर्छो वाटो २ घडि भया पछि ढुंग्यानका ठाडो उकालो जानु पर्न्या २ घडि गैं लंगुरको भांज्याङदेषि तेर्छो वह्रालो घडि २ गैं उषछु भन्याको षोलो दाहिना पारि तिरैंतिरवाट काहि ढुंग्यान काहि काहि अलि अलि उकालो वह्रालो कहि भिर धेर वह्रालो गरि धोचु भन्याको घर ३।४ भयाको गाउं-मा पुग्यो. वासदेषि आहासम्म घोडा विस्तारैंसंग लैजांदा घडि १५ लाग्यो आहा सम्ममा साना ठुला गरि जघार १४ तर्नु पर्छ फेरी आहादेषि छोटि कदम गरि षोलाको तिरैंतिर काहिं भिर काहि उकालो वह्रालो काहि षोलै-पोला गरि वास वस्न्या च्यागा पुग्दा घडि १० लाग्यो काहि भीरमा भन्याङ हाल्याको छ. ठाउं ठाउंमा गरि षोलामा साघु ५ तर्नु पर्छ गाउंमा चिनिया भोटचा गरि घर ३०।३५ सम्म रह्याछन् वाटो सान्है अपठ्यारो छ वास— ४२

च्यागावाट आलाङो गाउं जानलाई घोडा विस्तारैंसंग लैजांदा घडि १४॥ मा वास पुग्यो वासवाट निस्कनि वित्तिकै उपछुमा मिलन गयाको षोलोको साघु तरि उप छुको तिरैंतिरवाट वाटो सान्है अपठ्यारो छ भीरमा धेरैं हिड्नु पर्न्या भन्याङ पनि ठाउं ठाउंमा गरि धेरैं हाल्याको वाटो हिड्नु पर्न्या धेरैं छ. काहि षोलैओला काहि वह्रालो छ विचमा २।३ घर भयाको गाउं २ रह्या छन्. नुपछुमा र ठाउं ठाउंमा षहृन्यामा गरि साघु ६ षहृन्यामा जघार तर्नु पर्न्या ५ वास पुग्न घडि ॥ जसो वाकि छंदाका वाटोमा. नुपछुमा मिलन आउन्या स्याछु षोला १ आया-को रहेछ. आहा देषि नुपछु छोडि. स्याछु षोलाको तिरमा आलाङो भन्याको गाउंमा वास पुग्यो. गाउंमा घर १६ जसो होला घोच्युदेषि आहासम्म आउदा छुपिसल्लो. भुजा पत्तर अरु जातको वनैं वन छ. पर्वत सान्है ठुला छन् थामदोदेषि कमोत कतैं छैन गाउं गाउंमा मात्र छ वास— ४३

आलाङो गाउंवाट डुयाठुष्पा गाउं जानलाई घोडा विस्तारसंग लैजादा घडि ९ मा वास पुग्यो वासदेषि घडि २ को वाटो न्याछु षोलाको तिरैंतिर काहि ढुंग्यान काहि असल छ घडि ३ को वाटो भीरैंभीर हिड्यापछि गाउं १ मा पुग्यो येस गाउंमा षेतिपाति षुपैं छ फाट पनि ठुलै छ यहि फाटैंफाट हिड्नु पर्न्या घडि २ काहि फांट काहि भिर काहि मैंदान गरि हिड्नु पर्न्या घडि २ गैं वास वस्न्या घर १५ जसो भयाको गाउंमा पुग्यो येस गाउंमा घर वनाउंदा काठको गारो लाउदा रह्या छन वास षोलाका तिरैंमा छ. ठाउं ठाउंमा गरि तर्नु पर्न्या साघु २ जघार ३ आहासम्मका रुष ठुलै छ वास— ४४

डुयाठुष्पा गाउंवाट नाम ज्याकुत्रा जानालाई छोटि कदम-मा जांदा घडि ७ मा वास पुग्यो वासदेषि ठुला चौरैंचौर

वाट गै ठाडो उकालो चढनु पर्न्या घडि १।। जाहादेषि तेर्छो उकालो वह्लालो काहि भिर काहि ढुग्यान गरि जानु पर्न्या घडि ५।। ठाउं ठाउंमा गाउ पनि रह्या छन्. भज्याङदेषि माथिवाट मूल निकास नभयाको सानु तलाउ १ रहेछ ठाउं ठाउंमा गरि तर्नु पर्न्या जघार ४ सानु षोलाको तिरैतिरवाट गै डांडामा चौर पऱ्याको घर १० जसो भयाको गाउमा वास— ४५

नानज्याकुजांवाट उक्यातामदा जानालाई १५ घडिमा वास पुग्यो वासवाट निस्कनि वित्तिकै घडि १ सम्मको ठाडो वह्लालो झरि षोलामा साघु तरि येसै षोलाको तिरैतिर काहि भीर कांहि उकालो वह्लालो काहि ढुग्यानमा जानु पर्न्या घडि ५।। वोटो सान्है घटिया छ येस षोलामा ३ ठाउ साघु तरि येसै षोलामा मिलन आयाको षोलाको साघु तरि फेरि अर्को षोलामा जघार १ तरि यसै षोलै-षोला तेर्छो उकालो काहि ढुग्यानमा जानु पर्न्या घडि २।। जाहादेषि षोला छोडि स्यागुलां भन्याको लंगुर ठाडो उकालो भज्याङसम्ममा घडि १।। येस लंगुरमा हिउ जस्तो ज्यादा छैन भज्याङ भन्या छ तानतोले भन्याको येसै लंगुरमा हो भन्छन् भांज्याङवाट ठाडो वह्लालो ३ घडि झरि वस्ति वस्याको घर २ छन् कमोत पनि रहेछ जाहा-देषि काहि तेर्छो काहि वह्लालो गरि १।। घडिको वाटो गयापछि क्याछु भन्याको षोलोको तीरमा वासवस्न्या घर २० जसो भयाको गाउंमा पुग्यो येस गाउंमा तानतोलेको मालिक पनि थाप्याको रहेछ कमोत पनि अलि अलि देषिछ षहऱ्या तर्नु पर्न्या ३ छन् वास— ४६

उक्यातामदावाट पेमाझु जानालाई छोडि कदममा जांदा घडि १० मा वास पुग्यो. वासवाट उठनि वित्तिकै गाउंका माझवाट आयाको षोलामा १ क्याछु षोलामा १ साघु तरि येसै क्यांछु षोलाको तिरैतिर गरि जानु पर्न्या घडि १।। फेरि येसै षोलाको अर्को साघु तरि अलिकति उकालो चढि सानु षोलामा जघार तरि तेर्छो उकालो चढनु पर्न्या भाज्याङसम्म घडि १ जाहादेषि तेर्छो वह्लालो काहि तेर्छो जानु पर्न्या घडि छ सयषु भन्याको ठुलो षोलाको साघु तरि अलि कति वह्लालो गै. येसै षोलाको तिरैमा वास वस्न्या घर ४० जसो भयाको गाउसम्म घडि ७।। विच-विचमा घर वाकलै छन् षेति पनि छ जंगल रहेनछ.

षहऱ्यामा जघार तर्नु पर्न्या ४ वास— ४७

फेनाझुंवाट ह्लाच्या जानलाई छोडि कदममा जांदा ७।। घडिमा वास पुग्यो वासवाट निस्कनि विर्त्तिकै मैदान वाटो क्यांछु षोलाको तिरमा जानु पर्न्या घडि १ येस षोला छोडि वाजापट्टिवाट आयाको तिन्छु भन्याको षोलाको तिरैतिर काहि उकालो वह्लालो भीर ढुग्यान काहि मैदान वाटो गै येसै षोलाका साघु २ तरि १ उकालोमा पुग्दा घडि ३ उकालो चढि वह्लालोका फेदिसम्म ढुंग्यानको वाटोमा घरि २।। फेरि तिनुकिछु भन्याको षोलाको साघु तरि षोलाको तिरैतिर मैदानमा ढुंग्यानको वाटो १ घडि गै वास वस्न्या षोलाको तिरैमा घर २० को अंदाज भयाको गाउंमा पुग्यो जघार तर्नु पर्न्या २ वास— ४८

ह्लाच्या देषि पालिलां जानलाई घोडा विस्तारैसंग जांदा १७ घडिमा वास पुग्यो तिनुकिछुमा मिलन आयाको सामालुछु षोलाका दोभानवाट तिरैतिर काहि ढुंग्यान काहि उकालो वह्लालो मैदान काहि भिर वाटामा जानु पर्न्या घडि ९।। येसै षोलाको १ षहऱ्याको १ साघु तरि सोमिगुह्ला लंगुर तेर्छो उकालो काहि ढुंग्यान भाज्याङसम्म घडि २।। येस भाज्याङमा हिउं रहेछ जाहादेषि वाससम्म घडि ५ को वाटो काहि ठाडो वह्लालो काहि ढुग्यान धेर तेर्छो वह्लालो छ गाउंमा घर २५ जसो होला. धुपिको जंगल छ. कमोत रहेनछ जघार तर्नु पर्न्या ४ वास— ४९

पालिलांवाट सोवांडो जानलाई घोडा विस्तारैसित लैजांदा १९ घडिमा वास पुग्यो वासवाट निस्कनि वित्तिकै षहऱ्यामा साघु तरि ढालस लंगुर तेर्छो उकालो घडि ३ हिउ वहुतै छ भाज्याङदेषि धेर तेर्छो वह्लालो. काहि तेर्छो फेदिसम्ममा घडि ५।। जाहादेषि ढालाफुछु षोलाको साघु तरि होकतिम लंगुरमा तेर्छो उकालो काहि तेर्छो भाज्याङ सम्म घडि ३।। भज्याङ नेरा असल गुम्वा १ छ कमोत पनि छ. अलिकति हिउ पनि रहेछ भज्याङदेषिको वाटो धेर ठाडो वह्लालो तेर्छो वह्लालो फेदिसम्म घडि ३।। वह्लालोमा १।२ घर वस्ति कमोत पनि छ. वासदेषि जाहासम्मको वाटो आधा ढुंग्यान आधा असल गोवऱ्या सल्लो र धुपिको वन रहेछ जाहावाट यारलवछु षोलाको साघु तरि तिरैतिर काहि मैदान काहि ढुंग्यान उकालो वह्लालो गरि येसै षोलामा मिलन आउन्या डोछु षोलाको

साघु तरि गाउसम्ममा घडि ३।। गाउ ठुलो राम्रो छ गुम्वा र घर गरि सय ३ को अंदाज होला फेदिदेषि वास- सम्मका विचमा १५।२० घर भयाको गाउ २ छ षहऱ्या- मा जंघार तर्नु पर्न्या ४ वास— ५०

सोवांडोवाट जिथो गुम्वा जानलाई छोटि कदममा जांदा ८ घडिमा वास पुग्यो मेहिषारछु भन्याको षोलाको तिरै- तिर काहि भिर काहि पषेरोका वाटो अलि अलि उकालो वह्लालो ढुंग्यानको वाटो घडि १।। फेरि यसै षोलामा २ ठाउं साघु तरि पूर्व पट्टिवाट आयाको डोल मालाछु षोलाका साघु तरि यसै षोलाका माथी पषेराका वाटो असल छ काहि पच्याङ छ ढुंग्यान मैदान वाटामा घडि ६।। गयापछि गाउं २ रह्या छन् येहि गाउं नेरावाट आयाको गुरु छु षोला डोलमालाछु षोलामा मिलिदो भान पऱ्याको ठाउ गाउंमा पुग्यो घर ७५ जसो होला येस गाउंका घरमा सबै घरका कौसि येकै छ षोलाका तिरमा जघार तर्नु पऱ्या १ षोलाका तिरमा रुषहरू अलि अलि छ डाडा भन्या कोहि नांगा कोहि साघु धुरि सल्लाका वन वाकलै छ— ५१

जिथो गुम्वावाट ल्होझुं जानलाई छोटि कदममा जांदा १०।। घडिमा वास पुग्यो वासदेषि षहऱ्याको तिरैतिर जानु पर्न्या घडी १ गै टेकाल्हा भन्याको लंगुरमा उकालो चढनु पर्न्या वाटो काहि ढुंग्यान काहि मैदानमा आधा तेर्छो उकालो आधा ठाडो उकालो गरि भंज्याङसम्ममा घडि २ वह्लालो तेर्छो घडी १।। काहि ढुंग्यान काहि मैदान गरि उसिछु षोलाको जघार तरि यसै षोलाको तिरवास वस्न्या गाउंसम्म घडि ६ गाउमा घर ३० को अंदाज होला येहि षोला पारि ठुलो गुम्वा १ छ. जंघार तर्नु पर्न्या ३ वास— ५२

ल्होझुंवाट स्याउ स्याम्वा गाउं जानलाई घडि १५ मा वास पुग्यो वाटो सबै ढुंग्यानै छ. उसि षोलाको तिरैतिर साघु ६ तरि षोच वाटो जानु पर्न्या घडि ९। हिउं नभया को छोचोल्हा लंगुर ठाडो उकालो चढनु पर्न्या सान्है विकट वाटा घडि २। तेर्छो वह्लालो घडि २ भीरमा काहि काहि भऱ्याङ पनि हाल्याको वाटो घडि ।। ठाडो वह्लालो घडि १।। गैउछु भन्याको ब्रह्मपुत्रभन्दा पनि ठुलो षोलो १ छ येस षोलाको साघु. वेस डवलसंग वन्या- को रहेछ षोला वारि पारि गरि जानु छ. घर ३०।४०को अंदाज होला भंज्याङमा गोवऱ्या सल्लाको वन वाकलै छ वास— ५३

स्याउ स्याम्वावाट वाषो गाउं जानलाई घोडा विस्तार- संग लैजांदा १३।। घडिमा वास पुग्यो वासदेषि तेर्छो वाटो घडि १।। हिताला लंगुरमा ठाडो उकालो ढुंग्यान वाटो घडि ४ येस लंगुरमा हिउ छैन भज्याङ वाटो ठाडो वह्लालो काहि तेर्छो वह्लालो जानु पर्न्या वाटो घडि १।। गै षहऱ्याको साघु तरि काहि उकालो काहि तेर्छो वह्लालो ढुंग्यान वाटो घडि १।। फेरि षहऱ्याको साघु तरि तेर्छो उकालो चढनु पर्न्या घडि २ गै छागताला लंगुरका भाज्याङ पुगी भाज्याङ देषि ठाडो वह्लालो घडि १। तेर्छो वह्लालो असल वाटो घडि १। आहा गोवऱ्या सल्लाको वाक्लो वन छ फेदिमा षोलाको साघु १ तरि तेर्छो उकालो जानु पर्न्या घडि १ गै सानु षहऱ्याको तिरमा वास वस्न्या गाउ पुग्यो गाउंमा घर ६ को अंदाज होलावास— ५४

वाष्येदेषि न्यादा जानलाई घोडा विस्तारसंग जांदा २२ घडिमा वास पुग्यो. वासदेषि ढुंग्यानको वाटो काहि तेर्छो उकालो भज्याङसम्म घडि १।। तेर्छो वह्लालो ढुंग्यानको वाटो घडि १ आहा वस्ति घर ४।५ रहेछ सानु षोलामा जघार तरि अर्को लंगुर तेर्छो उकालो भज्याङ नेरा अलि- कति ठाडो उकालो काहि ढुंग्यान घडि ३ आहा हिउ पनि अलि अलि छ वासदेषि आहासम्म जंगलैजंगल आहा- देषि हिउ भयाको नांग्या डाडो छ भाज्याङदेषि तेर्छो वह्लालो काहि ढुंग्यान घडी १ षहऱ्यामाको जंघार तरि तेर्छो वाटो काहि ढुंग्यान घडी २ षहऱ्यामाको अर्को षोला तरि तेर्छो उकालो आधा ढुंग्यान घडि १ आहा नेरा पानि नपर्नाले हिउ अलि अलि मात्र रहेछ भज्याङवाट आयाको षहरै षहऱ्यावाट घडि १।।। नजानिदो वह्लालो तेर्छो काहि ढुंग्यान घडि ३ तेर्छो वह्लालो काहि ढुंग्यान घडि।। षहऱ्याको जघार तरि ठाडो उकालो काहि ढुंग्यान घडि १। हिउ रहेनछ. आहादेषि जंगलैजंगल भज्याङ

फेदिसम्म ठाडो वह्लालो ढुंग्यान वाटो घडि ३ तेर्छो वह्लालो गै विचमा वस्ति ३।४ घर रह्या छन् जाहावाट भेह्रु भन्याको षोलामा जंघार तरि काहि भिर काहि तेर्छो काहीं भज्याङ काहि षोलै षोला आधा वाटो ढुग्यान षोमाका तिरैमा वाससम्म घडि २ गाउंका दाहिनावाट षोलो १ आइ दोभान पऱ्याको छ. गाउको पुछारमा त्रिवेनि पऱ्याको रहेछ. घर ४० को अंदाज होला वास–५५

ऱ्यादावाट लागु जानलाई छोटि कदममा जांदा ८ घडिमा वास पुग्यो वासका दाहिनातिरवाट आयाको षोलामा साघु तरि त्रिवेणी पऱ्याको षोलाको तिरैतिर तेर्छो ढुंग्यान वाटा घडि १॥ काहि भीर काहि भज्याङ ढुंग्यान-को वाटो घडि १ काहि मैदान काहि उकालो वह्लालो काहि ढुंग्यान गरि गैंषोलामा पुल १ तरि अलिक वाटो मयापछि षोला छोडी यसै षोलामा मिलन आउन्या ज्याछु षोलामा षह्ऱ्याको तिरैतिर जाइं तिरैमा गाउं २ मा पुग्दा घडि ५॥ तर्नु पर्न्या साघु १ जंघार १ जंगल पनि रहेछ घरि वारिपारि गरि १२ को अंदाज होला वास– ५६

लागुदेषि लाम्दो जानलाई छोटी कदममा जांदा ९॥ घडि-मा वास पुग्यो. वासदेखि षह्ऱ्याको तिरैतिर काहि मैदान काहि ढुंग्यान गरि गै नामझोल्हा लंगुरका फेदि-सम्म घडि ।॥ लंगुर चढनु पर्न्या तेर्छो उकालो आधा आधा ठाडो उकालो एक षंड असल ३ षंड ढुंग्यान गरि भांज्याङसम्म घडि २ हिउं पातलै छ भंज्याङ नेरा छंदै-दैन. ठाडो वह्लालो काही भीर काही भज्याङ गरि ढुंग्यान वाटो फेदिसम्म घडि २॥ लाछु षोलाको तिरै-तिर साघु ८ तरि काहि ढुंग्यान काहि भीर काहि भाज्याङ उकालो वह्लालो गै लाछु षोलाको वाजा पट्टीवाट आया को ल्यामछु षोलाको दोभानको वाससम्म घडि ३॥ गाउमा घर २० जसो होला षह्ऱ्यामा जंघार तर्नुपर्न्या ३ वास– ५७

लाम्दावाट छ्याम्दा जान छोटी कदममा जांदा १०॥ घडिमा वास पुग्यो वासवाट हिडनि वित्तिकै लाछु षोला-को साघु तरि ऱ्यामछु षोलाको तिरैतिर काहि भीर काहि तेर्छो काहि उकालो वऱ्हालो काहि ढुंग्यान येसै षोलामा मिलन आउन्या षोलाको साघु तरि पैरा गयाको ठाउंमा साघु तरि आधा वाटो जसो गयापछि ठुलो ऱ्यामछु षोला-मा पुल तरि काहि मैदान काहि ढुंग्यान काहि उकालो काहि वऱ्हालो भीरमाको साघु २ तरि वाटो अलिक अपठचारो रहेछ ऱ्यामछु षोलाको तिरैतिर गै तिरैमा वास पुग्यो छाम्दोका दाहिनावाट ऱ्यामछुका वाजा पट्टिवाट छुम भन्याको षोलो आई गाउंमा पुछारमा दोभान पऱ्याको छ घर ४०० जसो होला गुम्वामा ३०० डील मानिस हरमा १०० घरको अंदाज होला विचविचमा कमोत पनि छ डाडो नागो वन रहेछ. वाटामा चिनिया आरुको वन छ जाहा आई पुग्दा टायाको र छ्याम्दोका लडाई हुनाले घोडा षत्मा नपाई २७ दिनसम्म मुकाम वस्नु पऱ्यो वास– ५८

छ्याम्दोवाट मम्वुमा जानलाई घोडा विस्तारसंग लैजांदा १० घडिमा वास पुग्यो वासदेषि अलिक तेर्छो गै उपछु षोलाको पुल तरि अलिक छिन मैदानमा गै उकालो चढि काहि डाडैडाडा काहि वऱ्हालो काहि षोलैषोला गरि जानु पर्न्या घडि ५ षोला छोडि मोझोला भन्याको चढनु पर्न्या लंगुर तेर्छो उकालो घडि २ ठाडो उकालो घडि २ गै हिउं भंयाको भज्याङदेषि काहि ठाडो काहि तेर्छो वऱ्हालो घडि १ गै वऱ्हालोमा घर १० जसो भयाको गाउंमा वास पुग्यो जाहासम्म हिउं रहेछ जाहादेषि षह्ऱ्याका साघु तरि षोलापारि भत्क्याको गढि १ छ छ्याम्दोका १ कोस देषि कमोत षुपै छ २।४ घरका गाउ २ पनि छ वास– ५९

मम्वुवाट पम्दे जानलाई घोडा विस्तारसंग लैजांदा ८ घडिमा वास पुग्यो वासदेषि वऱ्हालो झर्नु पर्न्या घडि १ याहादेषि काहि उकालो काहि वऱ्हालो काहि भीर काहि तेर्छो काहि हिवैहिउ काहि हिउं नभयाको विकट वाटो षह्ऱ्याको १ भलषाडाको २ साघु तरि वासमा पुग्यो गाउंमा फाटफुट गरि घर ५० जसो होला कमोत वासै-सम्म वेसै गऱ्याको रहेछ रुष काहि देषिएन डांडो नांगै छ वास– ६०

पम्देवाट वर्घो जानलाई छोटी कदममा जांदा १२॥ घडिमा

वास पुग्यो वासदेषि काहि तेर्छो उकालो गरि लंगुर चढनु पर्न्या घडि ४ ठाडो उकालो घडि १ भंज्याङवाट काहि ठाडो काहि तेर्छो वह्रालो घडि २।। गैं फेरि ठामाला भन्याको लंगुर चढनु पर्न्या काहि तेर्छो काहि तेर्छो उकालो घडि २ वासदेषि आहासम्म हिउं छ येस लंगुरमा सल्लाको रुष पनि छ भज्याङदेषि काहि ठाडो काहि तेर्छो वह्रालो घडि २ गैं फेदिमा सोयोछु भन्याको षोलो छ. वासदेखि आहासम्म कमोत छैन आहादेषि तेर्छो १ घडि गैं षोलाका तीर भीरमा वास पुग्यो गाउँमा घर २४ जसो होला आहादेखि ठायाको अम्वल लाग्यो वाटो सवै ढुंग्यान काहि कहि मधाइलो छ कमोत पनि छ वास– ६१

वधौंदेषि ह्वाषा जानलाई छोटी कदममा जांदा ८।। घडिमा वास पुग्यो सोयो छु षोलाको तिरैतिर काहि मैदान काहि वगर काहि ढुंग्यान गैं षोलामा ठुला ठुला साघु २ तरि षोलाका तीरैमा वास पुग्यो विच विचमा वस्ति गाउं रह्या छन् वासका गाउंमा घर ४६ जसो होला आहादेषि माथि जंगलमा हाम्रो वारुद षाना जस्तो वारुद राखन्या चुकझेमा भन्याको झुम १ रहेछ आज काल पुरानु भै भत्कि षाली रह्याको छ वास– ६२

ह्वाषावाट गम जानलाई छोटी कदममा जांदा १०।। घडिमा वास पुग्यो. सोयोछु षोलाको तिरैतिर तेर्छो वाटो घडि २ षोला छोडी जोह्रा भयाको लंगुर चढनु पर्न्या तेर्छो उकालो घडि २ ठाडो उकालो घडि १ भज्याङदेषि ठाडो वह्रालो घडि १ तेर्छो वह्रालो घडि २।। आहा षल्मा साटी काहि तेर्छो काहि तेर्छो उकालो घडी २ गैं गाउं १ मा पुग्यो येस गाउंमा घर ६४ सम्म र चिनियाको चुइ १ सिपाहि ६० जना वस्याका रह्या छन्. आहावाट गैं लंगुरका उकालो वह्रालोसम्म घडी २ गैं लंगुरका पलतिर सोयोछुमा साघु १ षह्न्यामा साघु १ तरि वासमा पुग्यो. लंगुरदेषि वाहेक सवै कमोत छ विचविचमा गाउं वस्ति धेरै रह्याछन्. आहाका मानिस सान्है मापाका रह्याछन्. आफु आफुका झगरामा पनि काटाकाट गरि घरमा पनि आगो लगाई दिन्या चिनियालाई त झन केहि पनि मान्दो रहेन छ वास– ६३

गमवाट टाया जानलाई छोटी कदममा जांदा ११ घडिमा वास पुग्यो वासबाट उठनिवित्तिकै घमह्ला भन्याको लगुर काहि तेर्छो काहि उकालो तेर्छो घडि ३ षह्न्यामा जघार २ तरि भज्याङसम्म हिउं भयाको ठाडो उकालो घडि १ गैं तेर्छो उकालो घडी ३ आहादेषि कमोत छ विचविचमा वस्ति गाउं रह्या छन् आहावाट गैं सानु षोला १ तरि षोलाको तिरैतिर काहि तेर्छो काहि तेर्छो वह्रालो काहि भीर गरि हिडनु पर्न्या घडि ४ येस षोलामा साघु तर्नु पर्न्या २ वाटो सवै ढुंग्यान षल्मा साटिन्या विचैमा गाउंमा रहेछ तेषै षोलाका तिरैमा टाया गाउंमा पुग्यो. येस गाउंमा टाया गुम्वा रहेछ येसैमा वास गुम्वा गाउं कुनकान् गरि घर ज्मा ११० जति छन्. आहा सैंव सन्या चिनियाताल्वे १ सिपाही ५० छन्– ६४

टायावाट रासि जानलाई छोटी कदममा जांदा ९ घडिमा वास पुग्यो वाटो षोलाका जघार तरि येसै षोलामा मिलन आयाको र स्याफु भन्याको षोलाको तिरैतिर काहि मैदानको वाटो १ षंड असल ३ षंड ढुंग्यान येसै षोलामा जघार २ साघु १ तर्नु पर्न्या षोलाको तिरैमा वास विचमा गाउ छ कमोत पनि ठिकै छ चिनिया हुलाकि सिपाहि जना ४ वस्याका छन् गाउंमा घर ३० होला वास– ६५

रासिवाट आचा गाउं जानलाई छोटि कदममा जांदा ११ घडिमा वास पुग्यो वासदेषि १ घडिको वाटो षोलैं षोला काहि वगर काहि मैदान गै. फच्युह्ला भन्याको लंगुर तेर्छो उकालो चढनु पर्न्या घडि १ हिउं अलिकलि रहेछ भज्याङदेषि तेर्छो वह्रालो घडी १ झरि फांटैफांट घडि १ गैं अर्को षुग्याह्ला भन्याको सानु लंगुर हिउं भयाको छ. भज्याङसम्म तेर्छो उकालो घडि ।। भज्याङदेषि तेर्छो वह्रालो घडि १।। फेदिमा षुच्याछु षोला जघार तरि तिरैतिर फांटैफांट हिउ पर्न्या घडि येसैं षोलाका तिरमा गोठ १ र १०।१५ पालटागिवस्याका रह्या छन् येसैं षोलाका तिरमा वास विचमा कमोत काहि पनि रहेन छ वाटो कांहि अलि अलि ढुंग्यान धेरै मैदान गाउंमा घर ४।५ छन् येसै ठाउंमा चिनिया सिपाहि २० जना छन्– ६६

आचा गाउंवाट नेवा जानलाई छोटी कदममा जांदा ९

घडिमा वास पुग्यो   वाटो काहि तेर्छो उकालो भज्याङ-सम्म घडि ४ षोलै षोला जानु पर्‍यो घडि १ यो षोला पूर्व तिरवाट आयाको रहेछ आहादेषि षोला छोडी दक्षिणतिर लागी आच्चो सिवाह्ला भन्याको हिउं नभयाको लंगुर तेर्छो वह्रालो झर्नु पर्‍यो घडि १ आहादेषि पानि ढलो पर्‍याको मैदान वाटो घडि ३ गै फुइछु भन्याको सानु षोलामा जंघार तरि वास वस्न्या गाउंमा पुग्यो वाटो आधा ढुंग्यान आधा असल कमोत विचमा रहेन छ  वास नेरा मात्र रहेछ गाउंमा घर ६० जसो होला  चिनियाका पाचुइ सुवेदार सिपाहि गरि  जना  ३५  वस्याका छन् वास— ६७

आहादेषि ठायाको जिल्ला सकि मघाम जिल्ला लाग्यो

---

नेवा गाउंवाट रिषुगाउं जानलाई छोटी कदममा  जांदा १३। घडिमा वास पुग्यो वासवाट उठनि वित्तिकै षोलाका जघार तरि घडि ।। गयापछि थोह्ला भन्याको हिउ भया-को लंगुर काहि तेर्छो काहि उकालो चढनु पर्‍यो घडि १। भज्याङदेषि काहि तेर्छो काहि ठाडो वह्रालो घडि  १।। गै सानु गाउंमा पुग्यो. आहा कमोत पनि रहेछ आहावाट षह्‌र्‍यामा जघार तरि फेरी अर्को राठाह्ला भन्याको लंगुर हिउं नभयाको तेर्छो उकालो भज्याङसम्म घडि । भज्याङ-वाट तेर्छो वह्रालो घडि । गै गाउं १ छ कमोत पनि छ. आहादेषि काहि अलि अलि वह्रालो काहि  उकालो अरु फांटै फांट घडि २।। गै तेर्छो वह्रालो झर्नु पर्‍यो घडि १ झडि १ सानु षोलामा जघार तरि रस्युफु भन्याको षोला-को तिरैतिर काहि मैदान काहि तेर्छो काहि  गड्यांगुडुं काहि षेतैषेत विचविचमा गाउ जंगल पनि  छ षोलामा जघार २ तरि षोलाका तिरैमा वाससम्म घडि ६ गाउंमा घर ३० जति होला चिनियाको चुई भन्याको  सुवेदार १ सिपाहि २५ वस्याका छन् वास— ६८

लुस्यु गाउंवाट मघाम सहर जानालाई छोटी  कदममा जांदा १५ घडीमा वास पुग्यो वासदेषि षोलाको तिरैतिर तेर्छो वाटो घडि २ आहासम्म कमोत  रहेछ  रूस्युह्ला भन्याको हिउं भयाको लंगुर काहि तेर्छो काहि ठाडोउकालो चढनु पर्‍यो घडि २ भज्याङमा हिउं भयाको घडि।। तेर्छो वाटो घडि १ तेर्छो १ वह्रालो घडि २ पानि ठुलो पर्‍याको फांटै फांट गै तेर्छो वह्राली फेदी पुगी रूस्युफु  भन्याको सानु षोलाको तिरैतिर जंघार ३ तरि वाससम्म घडि ८ घर १३० छन् आहा चिनियाको ताल्चे भन्याको  काजि १ चुइ अन्याको सुवेदार १ सिपाहि ६० वस्याका  छन वास पुग्न कोस १ देषि कमोत रहेछ वास- ६९

मघाम सहरवाट फोला गाउं जानलाई छोटी  कदममा जांदा ३ घडिमा वास पुग्यो वासदेषि  षोलाको तिरैतिर जघार ३ तरि आधा वाटो जसो ठुलो फांट आधा  जसो मैदान गै. षोलाको तिरैमा वास पुग्यो वन पनि  वाससम्म रहेछ गाउंमा घर २० जति छन चिनिया हुलाकि सिपाहि २ वस्याका छन वास— ७०

फोला गाउंवाट गुषु गाउं जानलाई छोटी कदममा  जांदा ४ घडिमा वास पुग्यो वासदेषि आधा घडिको वाटो मैदान गै दोहिह्ला भन्याको लंगुर तेर्छो उकालो लंगुरसम्म घडि २ तेर्छो वह्रालो घडि १।। गै वासमा पुग्यो  आधा वह्रालोसम्म जंगल छ गाउंमा घर ३५ चिनिया जना १ छन वास— ७१

गुषु गाउंदेषि लाम्दा गाउं जानलाई छोटी  कदममा जांदा ५ घडिमा वास पुग्यो वासदेषि सानु षह्‌र्‍या तरि  यसैको तिरैतिर मैदान वाटो घडि १।।  नामाह्लाजं  भन्याको हिउं जंगल भयाको लंगुरको तेर्छो उकालो काहि  ठाडो भाजाङसम्म घडि १।। भांज्याङदेषि तेर्छो वह्रालो  घडि १। गै सानु मिदो लुंछु भन्याको षोलातरि तिरैतिर वास-सम्म घडि १ गाउंमा देवल कुंकाङ भन्याको पौवा  गाउ गरि ज्मा  घर  १०० चिनिया हुलाकि १ वेपारि जना ५ छन् वाससम्म विचविचमा गाउं २।३  छन्  कमोत पनि छ वाटो असल २ षंड ढुंग्यान १ षंड वास— ७२

लाम्दाय गाउंदाट नुन जाषा गाउ जानलाई छोटी कदम-मा जांदा ९।। घडिमा वास  पुग्यो  वासदेषि  षोलाको तिरैतिर अलिकति गै षोला छोडी काहि मैदान  काहि तेर्छो घडी १। विचमा गाउ १ कमोत पनि छ आहादेषि हिउं नभयाको घोपसोह्ला भन्याको लंगुर तेर्छो  उकालो भज्याङसम्म घडि १ आहादेषि काहि तेर्छो काहि  मैदान

काहि ठाडो वह्लालो गरि षोलासम्म घडि १।। गै वस्ति कमोत पनि छ येही षोलाको तिरैतिर घडि १।। गै भ्यु भन्याको गाउंमा पुग्यो जाहादेषि मघामको अम्वल सकिवाथा भन्याको सहरको अम्वल लाग्यो. जाहा षल्मा पनि फेर्दो रहेछ. जाहादेषि षोलाको तिरैतिर काहि मैदान काहि तेर्छो जंगल भयाको घडि २ षोला छोडी जंगलै जंगल काहि तेर्छो उकालो गरि भज्याङ नेरा वास-सम्म घडी २ गाउंमा घर ४५ चिनियाको लेषन्या १ सिपाहि ३ छन् वन फाडी षेती कमोत षुगन्यायो रहेछ वाटो ढुंग्यान २ षड असल १ षंड षहन्यामा साघु वतर्नु पर्छ वास— ७३

जाहादेषि माघाम सहरको अम्वल सकि वाथा सहरको अम्वल लाग्यो

नुन जषा गाउंदेषि ढुंपालु गाउं जानलाई छोटी कदममा जांदा ९ घडिमा वास पुग्यो वासदेषि षुजेह्ला लंगुर हिउं नभयाको जंगल भयाको उकालो भंज्याङसम्म घडि । जाहादेषि काहि तेर्छो ठाडो वह्लालो गरि षहन्या तरि तिरैतिर वाटो अपठ्यारो जंगल भयाको फेदिसम्म घडि ४ येसै षहन्यामा तर्नु पर्न्या साघु ७ जघार ८ आधा वह्लालो झन्यापछि गाउ र कमोत पनि छ षोरिया षनि रहेछ येही वह्लालोको फेदिदेषि दिछु षोला भन्याको कालि गंडीको जंत्रो १ षोलोछ. यसैको तिरैतिर काहि तेर्छो काहि उकालो काहि वगर वह्लालो गरि येसै षोलामा मिलन आउन्या स्याछु षोलामा साघुतरि तिरैमा वास सम्म घडि ५ गाउंमा घर ३५ चिनियाले षन्या १ सिपाही ५ छन् वास— ७४

छुपालु गाउंवाट वाथा सहर जानलाई छोटी कदममा जांदा ११ घडिमा वास पुग्यो वासदेषि दिक्षु षोलाको तिरैतिर काहि तेर्छो काहि अलि अलि उकालो वह्लालो भिरवाटो ढुंग्यान घडि ६।। जाहादेषि षोला छोडी काही तेर्छो काही उकालो काहि ठाडो उकालो भज्याङसम्म घडि १।। ठाडो वह्लालो फेदीसम्म घडि १ जाहावाट षहन्यामा जघार १ तरि गाउमा पुग्यो जाहा दषि नास-पाति षुर्वानिका वगैचा र षेतिपाति खुपैछ. दिक्षु षोलामा मिलन आउन्या. ग्याछु षोलाका तिरैतिर फेदिग्याछुमा मिलन आउन्याको वाछु षोलाको ठुलो पुल तरि २ षोलाका विचमा वास वस्न्या गाउंसम्म घडि २ जाहा साना रुषको पातलो जंगल छ गाउंमा घर गुम्वा गरि ५०० चिनिया ताल्वेकाजि १ फाफु षजांचि १ चुइ सुवे-दार १ सिपाहि ८० औतारि लामा २ ढेवा २ रह्याका छन् वास— ७५

वाथा सहरदेषि वाचु गाउं जानलाई छोटी कदममा जांदा ४।। घडिमा वास पुग्यो वाटो काहि भीर काही भीरमा पर्षाल चिन्ह्याको मागै ग्याछुषोला छोडी वाछु षोलाको तिरैतिर अली अली जंगल भयाको काहि उकालो काहि वन्हालो काहि तेर्छो गरि षोला २ मा साघुतरि तिरैमा वासपुग्यो गाउंमा घर ४ छन् वाटो ढुंग्यान वास नेरा गोवन्या सल्लाको वन धेरै छन् वास— ७६

वाचु गाउदेषि तास्यो गाउं जानलाई विस्तारसंग जांदा १७ घडिमा वास पुग्यो वाटो अलिकति तेर्छो हिडि वाछु षोला छोडि ठाक वह्ला लंगुर ठुलो वाकलो जंगल भयाको काहि तेर्छो उकालो घडि ४।। काहि तेर्छो काहि तेर्छो वन्हालो घडि १।। अपठ्यारो वाटो तेर्छो उकालो भज्याङ सम्म घडि ७ जाहानेरा विचमा गाउ १ छ येस गाउंमा चिनियाको हुलाकि सिपाहि १ वस्याको छन् भाज्याङ पुग्न घडि २ वाकिदेखि जगल छोडी अलिकति हिउं भयाको वाटो गै षहन्यामा साघु १ तरि सानु षहन्यामा पानि जमि चिपलो हुनाले हालि राख्याको साघु २ तरि भज्याङदेषि ह्याकोतिरमा वाससम्म घडि गाउंमा घर ३० चिनिया सिपाहि ४ वस्याका छन् वाटो सवै ढुंग्यान अलि अलि जंगल पनि छ वास— ७७

तास्यो गाउंवाट रथिक गाउ जानलाई विस्तारसग १२।। घडिमा वास पुग्यो वासदेषि षहन्यामा साघुतरि अलिकति गयापछि ठिकैका षोला १ मा साघु तरि षोलाको तिरै-तिर फाट पन्याको चौरमा नजानिदो वन्हालो काहि जंगल काहि ठाडो उकालो गरि फेदिसम्म घडि ४ जाहा-वाट षोला छोडि रास सह्ला लंगुर काही ठाडो उकालो उपर तेर्छो उकालो गरि जंगल भयाको भाज्याङसम्म

घडि ४।। आहा हिउं खुपै छ भाज्याङदेषि काहि तेर्छो वह्लालो काहि तेर्छो काहि चौर पऱ्याको मैदान गरि वाससम्म घडि ४ गाउंमा घर २ सिपाहि चिनिआ ४ रह्या छन वास– ७८

रथिक गाउंवाट न्यादा गाउं जानलाई विस्तारसंग जांदा १९ घडिमा वास पुग्यो वासदेषि सानु षोलामा जघार तरि षोलाका तिरैतिर गै साघु तरि काहि वाक्लो काहि पातलो जंगल वाटो काहि तेर्छो काहि उकालो वह्लालो काहि मैदान गरि षोलाको तिरैमा वागाह्ला लंगुर फेदि–सम्म घडि ३ आहा सानु गाउ १ छ कमोत पनि छ. आहावाट येहि षोलामा मिलन आउन्या षहऱ्यामा ठाउ २ गरि जघार छ साघु २ तरि गाउंमा १ मा पुग्यो येसै गाउंमा घर १२ चिनिया सिपाहि २ छन. आहा षल्मा पनि फेर्दो रहेछ वाथां लिथां गाउंको दोसांध पऱ्याको छ अलि अलि कमोत पनि छ. आहावाट षोला छोडी वा गाह्लाषा लंगुर काहि तेर्छो काहि तेर्छो उकालो गरि भांज्याङसम्म घडि १ आहासम्म रुष १।२ गोटा छ हिउं छैन काहि वह्लालो काहि उकालो ठाडै डांडा घडि १ काहि ठाडो काहि तेर्छो वह्लालो घडि ।। षहऱ्याको जघार तरि मैदान वाटो घडि १ षोलामा साघुतरि पलाषा लंगुर काहि ठाडो काहि तेर्छो उकालो गरि भाज्याङसम्म घडि १ आधा ठाडो आधा तेर्छो वह्लालो गरि छाछु षोलाको तिरमा वाससम्म घडि १।। गाउंमा घर २५ होला कमोत छ वाटो १ षंड असल ३ षंड ढुंग्यान वास– ७९

वाथांको अम्वल सकि लिथांको अम्बल लाग्यो

न्यादा गाउंवाट ज्यामोथि गाउं जानलाई विस्तारसंग जांदा १८। घडिमा वास पुग्यो वाटो छाछु षोलाको सिह्लानै सिह्लान घडि । गै गाउं १ मा पुग्यो आहा गढि १ र २ पाटा भयाको धरहरा जस्तो १ छ आहावाट षोलाको पूलतरि तिरैतिर तेर्छो वाटो घडि ।।। आहा विच विचमा गाउं छ कमोत पनि खुपै छ आहादेषि येसै षोलामा मिलन आउन्या सानु षोलाको तिरैतिर नजानिदो उकालो तेर्छो पऱ्याको वाटो जंगलसम्म घडि ४ गै येसै षोलाको ठाउंठाउं गरि जंघार ६ तरि घर ८ भयाको गाउ १ मा पुग्यो कमोत पनि छ चिनिया सिपाहि ४ वस्याका छन्. आहादेषि षोला छोडि भापऱ्या लंगुर तेर्छो उकालो भाज्याङसम्म घडि २।। हिउं अलि अलि छ आहा-देषि जंगलको नाममा सानु वुट्टा पनि छैन तेर्छो वह्लालो गरि सानु षहऱ्या १ तरि फांटमा जानु पर्न्या घडि।।। धाराह्ला लंगुर तेर्छो उकालो भाज्याङसम्म घडि ६।। येस लंगुरका विचमा भोट्याको घर १ छ लंगुरका वरिपरि तलाउ २ छ हिउं पनि निकै छ आहादेषि तेर्छो वह्लालो गरि फेदिसंम घडि २। पाटैपाट गरि षहऱ्यामा जंघार १ तरि तिरैमा वाससम्म घडि १। आहादेषि भोट्या रहेन छ. चिनिया सिपाहिको घर ४ कुकान् पौवा १ छ वास– ८०

ज्यामोथि गाउंवाट लिथां सहर जानलाई विस्तारसंग जांदा १० घडिमा वास पुग्यो वासदेषि काहीं फांट काहि वह्लालो गरि घडि ५ आहा १।। कोस गज ४ कोस लमाई भयाको मैदान १ छ येसै मैदानमा पश्चिम दिशावाट षोलो २ आयाको छ यस षोलामा जघार तरि येहि मैदान वाटो घडि ५ येसै मैदानका किनारामा लिथा सहर रहेछ वासदेषि आहासम्म कमोत काहिं काहिं मात्र रहेछ अरु सबै वैरान् जंगल नहुनाले दारुवाको वहुत कठिन छ लिथां सहरमा र गुम्वा २ गरि जमा घर १२०० को अन्दाज होला चिनियाको ताल्वेकाजि १ फाफुं षजांचि १ चुइ सुवेदार सिपाहि गरि जना ८७ वेपारि २०० गुम्वामा लामा ३१०० रह्याका छन् वजार पनि निकै छ वाटो ढुंग्यान १ षंड असल ३ षंड वास– ८१

लिथां सहरवाट होचुषां जानलाइ छोटि कदममा जांदा ८।। घडिमा वास पुग्यो वासदेषि काहि मैदान काहि वह्लालो उकालो घडि १।।। गै सेषाह्ला लंगुर काहि तेर्छो काही ठाडो उकालो भांज्याङसम्म घडि १। तेर्छो वह्लालो घडि १ होछु षोलाको तिरैतिर षहऱ्यामा जघार ३ तरि तेर्छो वाटो घडि ४।। येसै षोलाको साघुतरि माथितिर वास गाउंमा घर ३५ चिनिया सिपाहि जना २० रह्या छन् कमोत र जंगल छैन वास– ८२

होचुषां गाउंवाट गोलो गाउं जानलाई विस्तारसंग जांदा

१७ घडिमा वास पुग्यो वासदेषि सानु षहऱ्याको तिरैतिर नजानिंदो उकालो तेर्छो वाटो घडि २।।। गैडे उह्ला लंगुर ठाडो उकालो घडि ।।। ठाडो तेर्छो वह्रालो घडि १।। सानु षहऱ्या तरि तिरैतिर तेर्छो वाटो घडि २ सुवुह्ला लंगुर तेर्छो उकालो घडि १। तेर्छो वह्रालो घडि २।। गै षोला १ छ येसै षोलाको तिरमा घर छ जति भयाको गाउं १ छ येस गाउंमा चिनिया हुलाकि सिपाहि २ छन्. जाहादेषि षोलाको तिरैतिर जंगलको वाटो तेर्छो घडि १ साघु १ तरि येसै षोलामा मिलन आयो. षोलाको तिर तेर्छो वाटो घडि।।। जघार १ तरि अमह्ला लंगुर ठाडो उकालो घडि १। काहि तेर्छो वह्रालो ठाडो काहि तेर्छो वाटो गरि षोलाको तीरमा वाससम्म घडि ३।। गाउंमा घर ३० जसो होला येसै गाउंका वरपर यत्ते जसो भयाको अरु गाउं ३ पनि छ चिनिया हुलाकि ३ कमोत षुपै रहेछ वाटो असल १ षंड ढुंग्यान ३ षंड वास— ८३

गोलो गाउंवाट मोथ्याङु गाउं जानलाई विस्तारसंग जांदा १४ घडिमा वास पुग्यो वासदेषि षोलामा जंघार तरि षोलाका तिरैतिर षेतैषेत वाटो १।।। षहऱ्यामा जघार तरि हुस्याह्ला लंगुर काहि तेर्छो काहि ठाडो उकालो घडि ४ जाहा घर ३ भयाको गाउं १ छ जाहादेषि भज्याङसम्म काहि मैदान काहि तेर्छो वाटो घडि २ वह्रालामा चिनिया हुलाकि जना ४ का घर रहेछ जाहा—देषि तेर्छो वह्रालो भीरगरि घडि ४।। षहऱ्याको तिरवाट गै तिरैमा वास गाउंमा घर ७ कमोत रहेछ भज्याङ वाहेक वाटो सवै ढुंग्यान वास— ८४

मैथ्याङु गाउंवाट न्याचुषा गाउं जानलाई विस्तारसंग जांदा ७।। घडिमा वास पुग्यो वासदेषि षहऱ्याको साघु ४ जघार २ तीर तिरैतिर तेर्छो वह्रालो जंगलको वाटो घडि ५।। गै काहि तेर्छो उकालो काहि वह्रालो घडि १ मा कमोत भयाको गाउं १ छ जाहादेषि जंगल छैन. जाहादेषि ठाडो वह्रालो झरि स्याछु षोला १ छ येस षोलामा वीच पानिमा नाउ ४ हालि पूल वाध्याका पूल तरि अलि कति गै फेरी षोलामा साघु तरि तिरैमा वाससम्म घडि १ सान्है षोचमा पऱ्याको गाउं रहेछ. चिनिया भोट्या गरि घर ज्मा ५० चिनिया सुइ सुवेदार १ सिपाहि १४ वेपारि मलाहा गरि २५ रह्याका छन् वाटो सवै ढुंग्यान वह्रालो जति सान्है विकट छ वास— ८५

<u>जाहादेषि लिथांको अम्बल सकि जार्घिङ देउ सहरको अम्वल लाग्यो</u>

न्याचुषा गाउंवाट वरसि गाउं जानलाई विस्तारसंग जांदा १५ घडिमा वास पुग्यो वाटो वासदेषि वासैसम्म षोलै षोला गरि काहि तेर्छो उकालो काहि वह्रालो भीर काहि भीरमा पर्खाल चिह्रि वाटो वनायाको छ ठाउं ठाउंमा गरि षोला षहऱ्यामा तर्नु पर्न्या साघु १५ छ विच वाटामा ८ पाटा भयाको पुराना गढि १ छ. विचमा उजार घर धेरै वस्ति थोरै रहेछ वासैसम्म जंगल छ गाउघर फुकान गरि ज्मा ९ चिनिया हुलाकि सिपाहि ३ रह्या छन् वाटो ढुंग्यान २ षंड असल १ षंड वास— ८६

वरसि गाउंवाट टुगुलु गाउं जानालाई विस्तारसंग जांदा १२।। घडिमा वास पुग्यो वासदेषि काहि तेर्छो काहि उकालो षोलाको तिरैतिर गडी ३। षोला छोडी वलसिह्ला लंगुर काहि ठाडो काहि तेर्छो उकालो भंज्याङसम्म घडि २।। काहि ठाडो काहि तेर्छो वह्रालो काहि उकालो घडि १ ठाडो वह्रालो घडि २।। गयापछि घर १ रहेछ जाहादेषि त्रासैसम्म वाटामा वस्ति घर १।२ कमोत पनि छ. ढेउ उजार भयाको रहेछ जाहा कोस १।१ जति फरक गरि गढि ३ पनि छ फेदिदेषि षहऱ्याको तिरैतिर जघार १ साघु २ तरि काहि तेर्छो काहि मैदान गरि वाससम्म घडि ३।। वासदेषि जाहासम्म जंगल छ गाउंमा घर फुकान गरि ज्मा ४० चिनिया हुलाकि सिपाहि जना ३ छन् वाटो आधा ढुंग्यान असल वास— ८७

डुगुलु गाउंवाट आन्याछु गाउं जानलाई विस्तारसंग जांदा ९।। घडिमा वास पुग्यो वासदेषि घडि १ को वाटो गया पछि षोलो १ छ येसै षोलाको तिरैतिरवाट घडि ३।। गै षोलामा साघु तरि फेरी येस षोलामा मिलन आउन्या षोलामा साघु तरि गया पछि डांडामा भक्त्याको गढि १ १ र पाफिकैको गाउं १ छ. जाहादेषि षोला छोडी स्याछु षोलाको तिरबाट गै साघु १ तरि वामसम्म घडि वासदेषि घडि।। को विचमा गाउछ घर २० जति छ

जंगल र कमोत पनि छ यति गाउनेरा ८ पाटा भयाको २ चार पाटा भयाको ४ जम्मा ६ गढि छन् अलि अलि भत्क्याको छ वाटो ढुंग्यान १ षंड असल ३ षंड वास— ८८

आन्याछु गाउंवाट चितां गाउ जानलाई विस्तारसंग जांदा १७ घडिमा वास पुग्यो. वासदेखि तेर्छो वाटो षोलाको तिरैतिर ह्विडनु पर्न्या घडि ६।। आहासम्म कमोत र वस्ति घर ठाउं ठाउंमा छ भत्क्याको गढि २ पनि रहेछ आहादेषि षोलाको साघु तरि काहि तेर्छो काहि तेर्छो उकालो गरि षोलाको तिरैतिर वाटो गै जधार २ तरि जिहाषा लंगुर तेर्छो उकालो गरि भज्याङ-सम्म घडि ३।। भज्याङदेषि काहि ठाडो काहि तेर्छो वह्रालो घडि १।। आहादेषि जंगल रहेछ काहि तेर्छो काहि तेर्छो वह्रालो षहऱ्याको तिरैतिरवाट वाससम्म घडि ५।। भज्याङदेषि वाससम्म काहि ढुंग्यान काहि ढुंग्यान छाप्याको सान्है अपठ्यारो वाटो छ वह्रालाको ३ स्मेत ज्मा घर १८ चिनिया हुलाकि १ रह्याको छ वास— ८९

चिता गाउंवाट तार्चिदेउ सहर जानलाई विस्तारसंग जांदा १।। घडिमा वास पुग्यो. वासदेखि मिन्याछु षोलाका तिरैतिर काहि तेर्छो काहि तेर्छो वह्रालो काहि भीर षोच पऱ्याको सेपिलोमा गाउ रहेछ यो षोला सहर भित्र पसि माझवाट गयाको छ सहर भित्र वारिपारि गर्नालाई साघु ३ हाल्याको छ सहरमा घर ४००० होला वजार खुपै गुलजार छ चिनियाको सेठे भन्याको मालिक १ फाफुं १ ताल्वे १ चुइ १ दर्माहा दार सिपाहि ५०० र तार्चि देउका राजा १ तन्का सिपाहिहरू रह्याका छन् घर सबैमा षपदाको छाना हाल्याको रहेछ आधा वाटोदेषि यसो गाउ कमोत रहेछ वास— ९०

आहादेषि चिनियाको गाउं—

तार्चिन देउ सहरवाट थतौस्यु गाउं जानलाई विस्तारसंग च्याउचा भन्याको म्याना मावसि जांदा १६ घडिमा वास पुग्यो वासदेषि सहर भित्रको साघु तरि तेसै षोलाको तिरैतिर साघु ४ तरि ढुंग्यान ढुंगा छाप्याको वाटो तेर्छो वऱ्हालो गरि षोलाको तिरैमा वास पुग्यो गाउंमा घर ३० चिनिया हुलाकि २ वस्याका छन् विच विचमा गाउं र कमोत छ वास— ९१

थतौस्यु गाउंवाट लुलिछ्यों भन्याको फलाम साघु जानलाई २० घडिका वास पुग्यो वासदेखि षोलाको तिरैतिर साघु ३ तरि तेर्छो वऱ्हालो जानु पर्न्या घडि ३।। आहावाट गै लौतिषो भन्याको षोलो भेटियो काहि उकालो काहि वऱ्हालो ढेर तेर्छो विच विचमा बजार समेत भयाको गाउं र कमोत छ आहादेषि धानको षेति पखेरा भीरमा. षोरिया फारि मकै छऱ्याको रहेछ वस्ति गुलजारै छ. यो षोलामा फलाम साघु १ छ षोलामा नाउ तरि पारिवाट वास गाउंमा घर १००० चिनिया फाफुंको थाममा सुंच्यां भन्याको कारोवारि जस्तो १ चुइ १ प्योघा २ थुस्यु भन्याको द्वान्या १ चिनिया सिपाहि २५ रह्याका छन् वाटो ढुंग्यान अलि अलि जङ्गल पनि छ वास— ९२

लुतिछ्यौंवाट ष्वालिफि गाउ जानलाई १९ ।। घडिमा वास पुग्यो वासदेषि येहि ठुलो षोलाको तिरैतिर काहि तेर्छो काहि उकालो काहि वऱ्हालो काहि भीर गरि जानु पर्न्या घडि २२ गै येसै षोलामा मिलन आउन्या सानु षोलाको तिरैतिर तेर्छो वाटो २।। आहावाट ष्वालिस्वां लंगुर काहि तेर्छो अरू तेर्छो उकालो गरि वास पुग्न १५।३० पला वांकि छँदा वजार स्मेत भयाको गाउ पुगि वास उकालैमा वजार भयाको ठुलो गाउंसम्म घडि ५ जगा सबै आवादि वाटो ढुंग्यान अलि अलि जंगल पनि छ तर्नु पर्न्या जधार २ साघु २ गाउंमा घर ५०० को अंदाज चिनिया ताल्वे १ चुई १ सिपाहि ५०० रह्याका छन् वास— ९३

ष्वालिफि गाउंवाट मिथौ गाउ जानलाई १७।। घडिमा वास पुग्यो वास देषि लंगुरको भाञ्याङसम्म घडि ४।। गै काहि तेर्छो वऱ्हालो काहि पाषै पाषो तेर्छो अपठ्यार वाटो घडि १३ गै षोलिफु षोलाको तिरमा वास पुग्यो विचमा गाउ वजार कमोत अलि अलि छ जंगल पनि रहेछ गाउंमा घर ९०० होला चिनिया चुइसुज्यो सुवेदार जस्तो १ सिपाहि २५० रह्याका छन् तर्नु पर्न्या साघु ६ वास— ९४

भियौ गाउंवाट छिजिजिस्यां सहरको गढि जानलाई १९ घडिमा वास पुग्यो. वासदेषि षोलाको तिरैतिर कहि तेर्छो काहि उकालो काहि वह्रालो घडि १२ गै वजार भन्याको गाउं १ मा पुग्यो आहासम्म वस्ति र कमोत ठिकै छ. आहादेषि षोला छोडि उकालो वह्रालो घडि १ फोको लंगुर तेर्छो उकालो जानु पर्न्या भञ्याङसम्म घडि ४ आहासम्म कमोत छ भंञ्याङदेषि वह्रालो घडि २ छिचिस्यां षोलाको साघु तरि ठाडो उकालो ढुंगा छाप्याको वाटो गढिका ढोकासम्म घडि १ आहावाट सहर भित्र पसि वाससम्म घडि ॥ यो सहर १॥ कोसको गिर्दा छ. चारै दिशातिर वलियो गरि गढि वनायाको छ. तोप वन्दुकका मारु भयाको पर्खालमा ढोकाको जग १७ पाइला फरामको ढोका वाट पसि भित्र सहर रहेछ घर गढि भीत्र ६००वाहिर १०० जमा ७०० फाफुं १ ताल्वे १ ठेंचुई भन्याको विचारिजस्ता २ सिपाहि १०० रह्याका छन् वाटो ढुंग्यान वास– ९५

छिजिस्यां गढिवाट चेफे गाउं जांदा २१ घडिमा वास पुग्यो वासदेषि तास्यालि लंगुर काहि ठाडो काहि तेर्छो उकालो भंञ्याङसम्म घडि ७ कहि ठाडो काहि तेर्छो वह्रालो गरि काहि तेर्छो तासगांवो भन्याको षोलाको तिरवाट गै तिरैमा वाससम्म घडि १४ वास पुग्न कोस १ वाकिदेषि वस्ति वाक्लो षेत वारि पनि रहेछ. गाउंमा घर २५० को अंदाज चिनिया सिपाहि १५ रह्याका छन् तर्नु पर्न्या साघु १० वाटो ढुंगा छाप्याको अपठ्यारो छ वास– ९६

चेफे गाउंवाट षुचिस्यां सहर जांदा १०। घडिमा वास देषि षोलाको तिरैतिर तेर्छो वह्रालो घडि ५॥ आहा देषि षोला छाडि मैदान वाटो घडि ४॥। गै वास पुग्यो गाउंमा घर ८०० को अंदाज येस गाउंका वारि गरि मारु नभयाको पषालको आड राष्याको छ चियाको वोट हुन्या येहि रहेछ. फाफुं १ चुई १ सिपाहि ५० वस्याका छन् वस्ति गाउं वजार षेत वारि षोरिया वाकलो छ वाटो ढुंगाले छाप्याको जंगल अलि अलि रहेछ. तर्नु पर्न्या साघु १ षहऱ्या ५ वास– ९७

आहादेषि सहरै सहर–

षुचिस्यांवाट याथौ जांदा २७ घडिमा वास पुग्यो वासदेषि येघो षोलामा साघु तरि फेरि यसैमा मिलन आयाको षोलामा साघु तरि यसै षोलाका तिरैतिर काहि तेर्छो काहि उकालो वऱ्हालो गरि जानुपर्न्या घडि ५ आहादेषि षोला छोडि फुस्लुंह्रा काहि तेर्छो काहि तेर्छो उकालो जानु पर्न्या भञ्याङसम्म घडि ४ आहादेषि काहि तेर्छो काहि वऱ्हालो तेर्छो गरि सानु षोलाको तिरवाट काहि उकालो वऱ्हालो गरि वाससम्म घडि १८॥ वस्ति गाउं र षेतिपाति वासदेषि. वासैसम्म ठाउं ठाउंमा रहेछ गाउंमा घर ११५० को अंदाज गाउंका वरिपरि चारैतिर मारु भयाको किल्ला यसै किल्ला भित्र सहर छ. येस सहरमा तौथइ भन्याको अम्वा भनुदा सानु १ ताल्वे १ फाफुं १ सानु ताल्वे १ चुइ २ सिपाहि ३०० वस्याका छन् वाटो ढुंगाले छाप्याको षहऱ्यामा जंघार तर्नु पर्छ वास- ९८

याथौवाट सिजिस्यां जांदा ९ घडिमा वास पुग्यो वास देषि षोलामा ढुंगाको साघुतरि फेरी अर्को सहरका वाक्ला पट्टि-वाट ठूलो षोला आइदो भान पऱ्याको ठाउमा वांसको पूल तरि फेरि यसैमा मिलन आयाको षोलामा काठको छाना हाल्याको साघु तरि मैदान वाटो घडि ४॥ आहा-देषि काहि तेर्छो काहि उकालो वऱ्हालो घडि २ गै वास-सम्म मैदान वाटो घडि २॥ वस्ति ठिकै रहेछ वासदेषि वाससम्म षेतैको वाटो ढुंगा छाप्याको षहऱ्यामा साघु छ तर्नु पर्छ गाउंमा घर १२०० को अंदाज चिनिआ सिपाहि २५ वस्याका छन् सहरका वाहिर किल्ला छ वास– ९९

सिजिस्यावाट याथौफुं जांदा १८ घडिमा वास पुग्यो वाटो वासदेषि वासैसम्म मैदानै मैदान छ विचमा षोला १ मा साघु १ षहऱ्याको साघु १ तरि वास पुग्यो वीचवीच-मा ठुला ठुला गाउं वजार पनि छ गाउंमा घर ३०० होला चिनिया ताल्वे १ चुइ १ सिपाहि २५ वस्याका छन् वास– १००

याथौफुवाट छुजुं जांदा ८॥ घडिमा वास पुग्यो वासदेषि मैदानको वाटो घडि ७॥ गै षोलामा ढुंगाको पूल तरि वासैसम्म सहरै सहर येस सहर चारैतिर मारु भयाका किल्ला येसै किल्ला भित्र ठुलो वजार भयाको सहर घर

५०० को अंदाज चिनिया फाफुं १ ताल्वे १ चुई २ सिपाहि ५० वस्याका छन् वस्ति वाक्लो वास- १०१

छुजुंवाट सिदिज्यां जांदा १७ घडिमा वास पुग्यो वासदेषि वासैसम्मको वाटो सर्वै मैदान ढुंगा छाप्याको षेतैषेत वस्ति वाक्लो छ विचविचमा ठुलाठुला गाउं छ तर्नु पर्न्या साघु षोलामा ढुंगाको १ काठको १ षहऱ्यामा ६ किल्ला भित्रका सहरमा वास किल्लाको मारु भयाको षोलाका किनारमा सहर घर ज्मा २००० को अंदाज फाफुं १ ताल्वे १ चुई २ सिपाहि ५० वस्याका छन् वजार ठुलै रहेछ वस्ति वाक्लो छ वास- १०२

सिदिज्यांवाट स्यांलिजादा ११।। घडिमा वास पुग्यो वासवाट निस्कनिवित्तिकै ठुलो षोला १ पुगी येस षोलामा भगाला फाट्याको हुनाले २ ठाउमा नाउ तरि ठाउं ठाउंमा गाउ वजार वस्ति भयाको षेतैषेत मैदान वाटो गै वासमा पुग्यो सहरमा घर २००० होला किल्ला भित्र सहर छ फेरि भित्र किल्ला पनि रहेछ चिनिया फाफुं १ ताल्वे १ चुई २ सिपाहि २४ वस्याका छन् तर्नु पर्न्या साघु ४ वास- १०३

स्यांलिवाट ठिन्नफु जांदा ९।। घडिमा वास पुग्यो वासदेषि वस्ति वक्लो भयाको षेतैषेतका वाटो घडि ८ आहावाट षोलामा साघु तरि मारु भयाको वाहिरि किल्ला भित्रपसि वजारै वजारवाट गै फेरि अर्को मारु भयाको भित्रै किल्ला भित्र वाससम्म घडि १।। ठाउं ठाउं तर्नु पर्न्या साघु १० किल्लाको वाहिर पनि सहर वजार छ चारैतिर किल्ला वरिपरि षोलाले घेरा दियाको सहर सार्न्है ठुलो छ: येस सहरमा वस्याका हाकिमि चन्द्र १ ठिथैं कारोवारि काजि जस्तो १ च्याचुं १ पुति सिं १ ग्यामथां १ तौयेय सरदार जस्तो १ फाफुं १ प्रजाका वजारमा मालिक ठिन्द्रस्यां १ च्यायास्यां १ सिपाहिको मालीक ठिनथैं १ सठेये १ चुई १ सेठे १ सानु चुई १ सुपि १ छाचु १ सिपाहि १० हजार वास- १०४

ठिन्नफुवाट सिदुस्यां जांदा १०।। घडिमा वास पुग्यो वाटो सहरै सहर घडि १।। गै वाहिर किल्ला हुदो रहेछ. आहावाट षोलामा पुल तरि फेरि सहरै सहर घडि १ आहावाट वजार वस्ति वाक्लो भयाको षेतै षेतका वाटो घडि ८ गै वासमा पुग्यो ठाउं ठाउंमा तर्नु पर्न्या साघु १० किल्ला भित्रका सहर छ घर १ हजार जसो होला चिनिया फाफुं १ चुइ १ सिपाहि १२ वस्याका छन् वास- १०५

सिदुवाट हानचुं जांदा १० घडिमा वास पुग्यो वाटो सर्वै षेतैषेत मैदानमा ठाउं २ गरि तर्नु पर्न्या साघु षोलामा ६ मध्ये १ मा काठको छाना भयाको वरपर साघु भित्र वजार भयाको रहेछ षहऱ्यामा ९ ज्मा साघु १५ किल्ला भित्रको सहर वजार वस्ति वाक्लो भयाको छ घर ३५०० जति होला फाफुं १ ताल्वे १ सिपाहि २८ वस्याका छन् वास- १०६

हानचुनवाट तेन्नां जांदा ९ घडिमा वास पुग्यो. किल्ला-देषि वाहिर षोलामा छाना भयाको दोहोरो वजार लाग्याको काठको पूल तरि गै अर्को षोलामा ढुंगाका पूल तरि अलिकति गयापछि सहर छोडि ताहादेषि वासैसम्म मैदान षेतैषेत ठाउं ठाउंमा वजार वस्ति वाक्लो भयाको वाटो गै किल्लाभित्र सहरमा वास पुग्यो घर २५०० जति होला फाफुं १ ताल्वे १ सिपाहि २५ वस्याका छन् ठाउं ठाउंमा तर्नु पर्न्या साघु ७ वास- १०७

तेन्नांवाट लोच्यां जांदा ११ घडिमा वासदेषि ठाउं ठाउंमा वस्ति वाक्लो गाउं सहर वजार मैदान वाटो घडि ७।। आहावाट सानु वस्याको पर्वतमा काहि तेर्छो उकालो काहि तेर्छो वह्रालो वस्ति ठिकै छ वाससम्म घडि ३।। सहरमा घर १२०० जति होला फाफुं १ फुइ ज्मादार १ सिपाहि २० वस्याका छन् वाटो ढुंग्याले छाप्याको छ कमोत वासैसम्म छ वास- १०८

लोच्यांवाट ठोस्यां जांदा १७ घडिमा वास पुग्यो वासदेषि गढि वाहिर ठुलो षोलामा पूल तरि ताहादेषि अलि अलि उकालो काहि वह्रालो काहि तेर्छो काहि मैदान गरि षोलासम्म घडि १२ षोलाको तिरैतिर ठाउं २ मा साघु ४ तरि षोलाको तिर मैदान वाटो वाससम्म घडि ५ वस्ति माफिके रहेछ सर्वै कमोत छ किल्ला भित्रको सहर छ घर २५०० होला फाफुं १ ताल्वे १ चुई २ सिपाहि ३५० वस्याका छन् वाटो ढुंगाले छाप्याको छ यो षोलामा

ढुंगा पनि लाग्दो रहेछ वास– १०९

ठोस्यांवाट वैंथिनस्थान जांदा १२।। घडिमा वास पुग्यो वासदेषि किल्ला वाहिर निस्कनि वित्तिकै षोला १ आयाको छ यो षोला सहर भित्र पसला भनि १० हात गज वज्रलेप ठोकियाको पर्खालका आड राष्याको रहेछ यस षोलामा नाउ तरि षेतैषेत मैदान वाटो घडि १।। आहा-देषि सानु लंगुर काहि तेर्छो काहि तेर्छो उकालो घडि १ काहि उकालो काहि वह्रालो काहि तेर्छो घडि ९ आहानेरा गाउ वस्ति षेत माफिकै रहेछ आहादेषि षेतैषेत मैदान वाटो वाससम्म घडि १ किल्ला भित्रको सहर छ घर ६०० होला ताल्वे १ फाफुं काम गर्न्या १ चुई १ सिपाहि १२ वस्याका छन् वाटो ढुंग्याले छाप्याको छ तर्नु पर्न्या साघु ४ वास– ११०

वैंथिनस्थानवाट चेथोस्यान् जांदा ११ घडिमा वास पुग्यो वासदेषि काहि उकालो काहि वह्रालो काहि तेर्छो काहि मैदान गरि विचमा सानु सहर १ पुगि आहावाट षोलामा र षह्र्यामा गरि साघु ५ तरि किल्ला भित्र वास वस्न्या सहर पुग्यो घर १५०० होला फाफुं १ ताल्वे १ चुई २ सिपाहि २५ रह्याका छन् वाटो ढुंगाले छाप्याको वास– १११

चेथोस्यांवाट उस्थाई जांदा १६।। घडिमा वास पुग्यो वासदेखि काहि वह्रालो काहि मैदान गरि घडि २ आहा-वाट लंगुर काहि तेर्छो अरु सबै तेर्छो उकालो भञ्ज्याङसम्म घडि २ भंज्याङमा सिजको जंगल चिनियाको देवता गाउ पनि रहेछ आहादेषि काहि वह्रालो काहिं तेर्छो डाडै डाडाको वाटो घडि ८।। आहा वाटाको वारिपारि गरि किल्ला ४ छ. आहादेषि तेर्छो वह्रालो घडि २ गै वासमा पुग्यो वासदेखि वाससम्म गाउं वस्ति षेति माफिकै छ. सहरमा घर ३०० होला ताल्वे १ च्युञ्यु १ सिपाहि ८ रह्याका छन् वाटो ढुंगाले छाप्याको तर्नु पर्न्या साघु २ वास– ११२

उस्याइवाट च्यांटु जांदा १६। घडिमा वास पुग्यो वास-देषि लंगुर ठाडो उकालो चढनु पर्न्या घडि १। तेर्छो वाटो घडि ३।। काहि ठाडो काहि तेर्छो वह्रालो घडि २।। आहावाट षोलामा साघुतरि लंगुर काहि तेर्छो काहि उकालो भंज्याङसम्म घडि २ भंज्याङवाट काहिं तेर्छो काहि उकालो वह्रालो घडि २ काहि ठाडो काहि तेर्छो वह्रालो घडि २ आहावाट षोलामा साघु तरि फेरी लंगुर काहि ठाडो काहि तेर्छो उकालो घडि १।। काहि ठाडो काहि तेर्छो वह्रालो घडि १।। गै वासमा पुग्यो सहरमा घर १६०० होला फाफुं १ च्युञ्यु १ सिपाहि २४ वस्याका छन् वासदेखि वासैसम्म गाउं वस्ति षेति माफिकै छ वास– ११३

च्याटुवाट तामुसु जांदा १९।। घडिमा वास पुग्यो किल्ला-वाट निस्कनै विन्निकै षोलामा साघु तरि लंगुर चढनु पर्न्या काहि तेर्छो काहि उकालो घडि ३ तेर्छो वाटो घडि।।। काहि ठाडो काहि तेर्छो वह्रालो घडि १ आहावाट षह्र्यामा साघु १ तरि अर्को लंगुर चढनु पर्न्या काहि ठाडो काहि तेर्छो उकालो चढनु पर्न्या घडि।।। गै पोषरि १ भेटि तेर्छो उकालो वह्रालो काहि तेर्छो घडि ३।। ठाडो तेर्छो वह्रालो घडि ३।। येस वह्रालाका वाटामा १ वाटा-देषि माथि डांडामा १ उमा किल्ला २ छ आहावाट षोलामा साघुतरि अर्को लंगुर चढनु पर्न्या काहि तेर्छो काहि ठाडो घडि २।। तेर्छो वह्रालो घडि २।। आहावाट फेरी अर्को लंगुर चढनु पर्न्या उकालो तेर्छो घडि १ गै वासमा पुग्यो घर २०० होला सहर सानु छ ताल्वे १ सिपाहि १० वस्याका छन् वाटो ढुंगाले छाप्याको विचमा गाउं वस्ति षेत माफिकै छ हुलाक चलाउनलाई अर्को अडावाट आई चलाउदा रह्याका छन् वास– ११४

(क्रमशः)